सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२ वैशाख २०८०, शनिबार (15 April 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २ ■ पृष्ठ ६+२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

नेपाल NEPAL

नेपाल एसबिआई बैंक लिमिटेड

NEPAL SBI BANK LTD.

THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

भारतीय स्टेट बैंकका अध्यक्ष

श्री दिनेश खाराज्यूलाई

नेपालमा हार्दिक स्वागत गर्दछौं ।



उहाँको नेपाल भ्रमण सुखद र सफल रहोस् ।

SBI GROUP PRESENCE

233 POINTS OF PRESENCE IN 30 NATIONS
FULFILLING ASPIRATIONS

- 459 million customers across the globe
- The only Indian Bank in **Fortune 500 Companies**



yono मा छ गज्जबका विशेषताहरू
नेपाल एसबिआई बैंकको मोबाईल बैंकिङ्ग ऐप

अबको बैंक तपाईंको हातमा




RuPay Card
Accepted in Nepal SBI Bank Ltd.






POS



ATM

RuPay cards issued by Indian Banks can be used in Nepal across ATMs & Point of Sales (POS) machines of Nepal SBI Bank Ltd.

हप्तौं कुर्नु पर्दैन
डेबिट कार्ड तुरुन्तै !




आजै आफ्नो नजिकको नेपाल एसबिआई बैंक शाखाबाट तुरुन्तै Insta Debit Card प्राप्त गरी सहज र छिटो कारोबार शुरु गर्नुहोस्।

बचतलाई सरल बनाउँदै

हरेक महिना निश्चित रकम जम्मा गर्दै आफ्नो बचतलाई गति दिनुहोस्।





QR Merchant Acquisition

तपाईं व्यापार बढाउनतिर लाग्नुहोस्, कारोबारको लागि नेपाल एसबिआई बैंकको QR छ नि!




नेपाल एसबिआई बैंकको
लकर सुविधा

किनकी बहुमूल्य सम्पतिको सुरक्षा जरुरी छ



– PROVIDING BANKING SERVICE THROUGH –

93 Branches, 22 Ext. Counters, 7 Province Offices, 10 BLBs, Corporate Office,
130 ATMs, More than 1,235 POS Terminals, More than 10,600 QR Merchants

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२ वैशाख २०८०, शनिबार (15 April 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक २ ■ पृष्ठ ६+२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

# उपत्यकामा व्यायाम केन्द्रसहितका पार्क

## स्थानीय जनप्रतिनिधि आएपछि काठमाडौं महानगरमा बने ५६ पार्क, थप १६ निर्माणको चरणमा

■ **भक्तपुरमा २३, काठमाडौंमा ६ र ललितपुरमा सात स्थानमा व्यायाम सेन्टर**

काठमाडौं मेडिकल कलेजका फिजिसियन डा. सुनील चौधरी भन्छन्-

उपत्यकाभित्रका खुला ठाउँ र पार्कहरूमा जिम तथा व्यायाम गर्न मिल्ने उपकरण राख्न आवश्यक छ

**शिवहरि घिमिरे, शान्ति तामाङ**
तस्बिर : दिपेन्द्र ढुंगाना, संजित परियार

ललितपुरको हरिसिद्धिस्थित मुख्य सडकको नजिकैको पार्कमा हरेक बिहान ५ बजेदेखि नै स्थानीय जम्मा भएर शारीरिक व्यायाम गर्छन्। व्यायाम गर्न मिल्ने विभिन्न उपकरण पार्कमै छन्। स्थानीयको माग र नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै ललितपुर महानगरपालिकाले त्यहाँ व्यायामका उपकरणको व्यवस्था गरेको छ।

शुक्रबार बिहान ६ बजे पार्कमा पुग्दा अधिकांश दौडिरहेका थिए। केही व्यायामका उपकरणसँग व्यस्त थिए। सार्वजनिक पार्कमै व्यायामका सामग्री राखिएपछि दुर्घटनाको डर र धुवाँ-धुलोको जोखिम मोल्दै सडकमा मर्निङवाक गर्ने स्थानीय पार्कमा केन्द्रित हुन थालेका छन्।

'सडकमा हिँड्न मुस्किल छ, सबैतिर धुलैधुलो र प्रदूषण मात्रै, पार्कमा आएपछि धुलोको समस्या हुँदैन,' शारीरिक व्यायामका लागि हरिसिद्धि पार्क पुगेका सातदोबाटोका राजु नेपालले भने, 'सडक किनारमा दौडिँदा हिँडिरहेको अर्को व्यक्तिलाई अवरोध हुन्छ, दुर्घटनाको डरसमेत लाग्छ।'

ललितपुरको शंखमूलस्थित शंखपार्कमा पनि हरेक दिन शारीरिक व्यायाम गर्न आउनेको भिड लाग्छ। काठमाडौं र ललितपुर महानगरले व्यायाम गर्नेदेखि बालबालिका खेल्नेसम्मका उपकरण राखिदिएका छन्। बागमतीवारि र पारिका मानिस व्यायाम गर्न त्यहाँ पुग्छन्। पार्कमा दिनभर घुम्न आउनेको समेत भिड लाग्छ। एकाबिहानैदेखि उपत्यकाका सडकमा सवारीसाधनको भिड बढ्ने, धुवाँ-धुलो हुने भएकाले पार्कमै व्यायाम गर्न आउने गरेको पाटनका

» पृष्ठ ४ मा क्रमशः



सल्लाघारी पार्क, भक्तपुर



मनोहरा भक्तपुर पार्क



शंखपार्क, शंखमूल



युएनपार्क, ललितपुर

## वर्षैपिच्छे बजेट छुट्याइने, तर काम नहुने तिनकुने पार्क

**मुआब्जा विवाद छ, केन्द्र सरकारबाहेक अरूले मिलाउन सक्दैनन्**



● **रामबहादुर थापा**, *निर्देशक, काठमाडौं महानगर सार्वजनिक निर्माण विभाग*

तिनकुनेमा पार्क निर्माण अगाडि नबढ्नुको कारण मुआब्जा विवाद हो। जग्गाधनीले मुआब्जा नबुझेसम्म गाह्रे छ। अब यो विवाद केन्द्र सरकारबाहेक अरूले मिलाउन सक्दैनन्।

**काठमाडौं**/ महानगरले पार्क निर्माण र हरियालीका लागि भन्दै विभिन्न योजना ल्याए पनि सरकारले ०३१ मै जग्गा अधिग्रहण गरेको तिनकुनेस्थित पार्क अहिलेसम्म पनि मुआब्जा विवादले अलपत्र छ। महानगरले तिनकुनेमा बुद्धपार्क निर्माणका लागि डिपिआर (विस्तृत आयोजना प्रतिवेदन) गर्न भन्दै चालू आर्थिक वर्षको बजेटमा २५ लाख रुपैयाँ छुट्याएको छ। ०७८/७९ मा पनि ५० लाख छुट्याएको थियो। त्यसअघि ०७६/७७ मा महानगरले 'अन्तर्राष्ट्रियस्तरको आधुनिक बुद्धपार्क' निर्माण योजना ल्याएर दुई करोड विनियोजन गरेको थियो भने ०७५/७६ मा पनि दुई करोड छुट्याएको थियो। 'तिनकुनेमा पार्क निर्माण अगाडि नबढ्नुको कारण मुआब्जा विवाद हो। जग्गाधनीले मुआब्जा नबुझेसम्म गाह्रे छ। अब यो विवाद केन्द्र सरकारबाहेक अरूले मिलाउन सक्दैनन्,' काठमाडौं महानगरअन्तर्गतको सार्वजनिक निर्माण विभाग प्रमुख रामबहादुर थापाले भने।

पार्कमा ५४ फिट अग्लो तीनतले स्तुपा, बाहिरी भागमा दुबोसहितको चौर, तल्लो तलामा पार्किङ, दोस्रो तलामा ध्यान केन्द्र, तेस्रो तलामा क्युरेटर सपहरू, शंखचक्र पार्कसहित दुई सयजनाले योग गर्न सक्ने हललगायत संरचना बनाउने महानगरको योजना छ। स्तुपाको माथि बानेश्वरतर्फ फर्किएको १६ मिटर अग्लो बुद्धको मूर्ति राखिने थापा बताउँछन्। पार्कको कुल लागत एक अर्ब २३ करोड ४६ लाख हुने प्रारम्भिक अनुमान थियो। अपांगमैत्री, बालबालिकालाई खेल्ने ठाउँ, ज्येष्ठ नागरिकको आराम स्थल, साइकल लेन र पैदलमार्ग बनाउने योजना छ। तीनवटा कुनालाई ब्रह्मा, विष्णु र महेश्वरको प्रतीक मानेर डिजाइन तयार भएको थियो।

झ्नयाँ

'मालिक धनिकके धनिके रहिगेल, **हम गरिबके गरिबे'**



समाज सिराहामा
**अनिल यादव र मणिलाल विश्वकर्मा**

नाटक मनोरञ्जन मात्रै होइन, **समाज बुझ्ने किताब पनि हो**



अन्तर्वार्ता
**विमल सुवेदी**
नाट्यकर्मी

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

भुटानी शरणार्थीका नाममा ठगी

## गृहको गोप्य प्रतिवेदनमै किर्ते

**काठमाडौं**/ भुटानी शरणार्थीको परिचयपत्र बनाएर अमेरिका पठाउने प्रलोभनमा भएको ठगीमा किर्ते मुद्दा पनि चल्ने भएको छ। गृह मन्त्रालयको प्रतिवेदनमै किर्ते भएको र नक्कली परिचयपत्र बनाएको पुष्टि भएपछि ठगीसँगै प्रहरीले किर्ते मुद्दामा पनि अनुसन्धान अघि बढाउन लागेको छ।

यो ठगी प्रकरणमा प्रहरीले पाँचजनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। जिल्ला प्रहरी परिसर काठमाडौंले भुटानी शरणार्थी समस्याको स्थायी समाधानसम्बन्धी गृह मन्त्रालयको अध्ययन प्रतिवेदन मगाएको थियो। गृहले प्रहरीलाई प्रतिवेदन पठाएको छ।

सक्कली प्रतिवेदन र पीडितलाई देखाएको प्रतिवेदन फरक पाइएको अनुसन्धानमा आबद्ध एक प्रहरी अधिकारीले बताए। गृह मन्त्रालयसम्म पहुँच पुऱ्याएका गिरोहका सदस्यले सो गोप्य प्रतिवेदन लिएर त्यसमा प्रमाणीकरणमा छुटेको भन्दै नाम थपेका थिए। त्यही आधारमा उनीहरूले नौ सयजनाबाट करिब एक अर्ब उठाएका थिए।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले सो गिरोहका पाँचजनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। मोरङका केशव दुलाल र सागर राई, दाङका सन्देश शर्मा, ललितपुरका सानु भण्डारी र पाँचथरका टंककुमार गुरुङलाई पक्राउ गरेको हो। हाल ठगी मुद्दामा अनुसन्धान भइरहेकोमा अब किर्तेमा पनि अनुसन्धान हुन लागेको परिसरका एक अधिकारीले बताए।

प्रहरीले संगठित अपराध पनि चलाउनुपर्ने राय दिएकोमा सरकारी वकिलले भने मानेको छ। प्रमाणको कमीभन्दा पनि दबाबका कारण संगठित अपराध मुद्दातर्फ अनुसन्धान हुन नसकेको प्रहरी स्रोत बताउँछ।



सागर राई



केशव दुलाल



सानु भण्डारी



टंक गुरुङ



सन्देश शर्मा

**सक्कली प्रतिवेदन र पीडितलाई देखाएको प्रतिवेदन फरक पाइएको अनुसन्धानमा आबद्ध एक प्रहरी अधिकारीले बताए। गृह मन्त्रालयसम्म पहुँच पुऱ्याएका गिरोहका सदस्यले सो गोप्य प्रतिवेदन लिएर त्यसमा प्रमाणीकरणमा छुटेको भन्दै नाम थपेका थिए। त्यही आधारमा उनीहरूले नौ सयजनाबाट करिब एक अर्ब उठाएका थिए।**





■ **एक विद्यालय, एक नर्स**

## सामुदायिकमै भएन पूर्ण कार्यान्वयन, संस्थागत विद्यालय कार्यक्रमप्रति नै असन्तुष्ट

**मञ्जु टेलर**/नयाँ पत्रिका

हजारभन्दा धेरै विद्यार्थी भएका सामुदायिक र संस्थागत (निजी) माध्यमिक विद्यालयमा एक नर्स अनिवार्य गर्ने सरकारी नीति ६ वर्षसम्म अलपत्र परेको छ। सामुदायिक विद्यालयमै पूर्ण कार्यान्वयन भएको छैन भने निजी विद्यालयले कार्यक्रमप्रति नै असन्तुष्टि जनाउँदै आफूखुसी निर्णय गरेका छन्।

स्वास्थ्य मन्त्रालयले ०७४ जेठमा शिक्षा मन्त्रालय, प्याब्सन र एन प्याब्सनलगायत सरोकारवाला निकायसँग समन्वय गरेर कार्यक्रम लागू गरेको थियो। तर, उपत्यकामै कार्यक्रम पूर्ण कार्यान्वयन हुन सकेको छैन। घरबाहेक बालबालिका बढी समय विद्यालयमा रहने र त्यस क्रममा उनीहरूलाई स्वास्थ्य समस्या



आइपर्दा उपचारका लागि हरेक विद्यालयमा नर्स राख्ने नीति देशभरका सामुदायिक तथा संस्थागत विद्यालयमा लागू गरिएको थियो। स्थानीय तहले सामुदायिक विद्यालयमै यो नीति कार्यान्वयन गरेका छैनन्। संस्थागत विद्यालयले त कार्यक्रमप्रति नै असन्तुष्टि जनाउँदै आएका छन्। संस्थागत विद्यालयको छाता संगठन प्याब्सनले विद्यालयमा नर्स राख्नुपर्ने व्यवस्था अनिवार्य गर्न नमिल्ने बताउँदै आएको छ।

उपत्यकाकै अधिकांश संस्थागत विद्यालयमा नर्स राखिएका छैनन्। संस्थागत विद्यालयमा नर्स राख्ने जिम्मेवारी आफ्नो नभएको पालिकाहरू बताउँछन्। सामुदायिक विद्यालयमै कार्यक्रम अलपत्र रहेको अवस्थामा निजीमा अनिवार्य नर्स राख्न अहिले सम्भव नभएको बताउँछन्, काठमाडौं महानगरपालिका शिक्षा शाखा प्रमुख रामप्रसाद सुवेदी।

'अहिले काठमाडौं महानगरभित्र रहेका आठ

» पृष्ठ ४ मा क्रमशः

# नाटक मनोरञ्जन मात्रै होइन, **समाज बुझ्ने किताब पनि हो**



अन्तर्वार्ता

**विमल सुवेदी**
नाट्यकर्मी

**नेपाली रंगमञ्चमा नयाँ सीप र शैली भित्र्याउनेमध्ये एक हुन्, नाट्यकर्मी विमल सुवेदी । भारतको नेसनल स्कुल अफ ड्रामा (एनएसडी)मा अध्ययन गरेका सुवेदीको नेपाली नाटकलाई अन्तर्राष्ट्रियकरण गर्न पनि ठूलो योगदान छ । उनले 'चारुमती', 'सान्दाजुको महाभारत', 'मकैको अर्कै खेती' 'यर्मा', 'मालिनी', 'अ नाइट विथ माओ'लगायत नाटक निर्देशन गरेका छन् । गत वर्ष उनी निर्देशित नाटक 'पल्पसा क्याफे' दर्शकले निकै रुचाए । उनको लेखन तथा निर्देशन रहेको नाटक 'द डिपार्टेड डन' भारतमा मञ्चन भयो । सबैभन्दा प्रतिष्ठित मानिने 'मेटा अवार्ड'मा उक्त नाटकले अभिनय, कोरियोग्राफी र संगीतमा अवार्डसमेत जित्यो । सुवेदीसँग** पवन बराइलीले **गरेको संवाद :**

**अहिले थिएटर बढेका छन् । नाटक पनि मञ्चन भइरहेका छन् । नेपालमा नाटक-संस्कृति बढेको हो ?**

नेपालमा अझै नाटकको क्षेत्रमा सन्तोषजनक काम हुन सकेको छैन । युरोपका चाहिँ हरेक देशमा पाठ्यक्रममै थिएटर अनिवार्य हुन्छ । नाटकले समाजलाई सचेत गराउँछ भन्ने उनीहरूले बुझेका छन् । विदेशमा सिनेमाको भन्दा नाटकको टिकट धेरै महँगो हुन्छ । उनीहरूको नाटकघर पनि सुविधा सम्पन्न हुन्छ । त्यहाँ स्तरअनुसारको नाटकघर र टिकट दर हुन्छ । तर, हामीकहाँ जति महँगोमा नाटक बनाए पनि टिकट दर एउटै हुन्छ । सस्तोमा नाटक गर्नुपर्ने बाध्यता छ । युरोपतिर नाटक संस्कृति छ । सिनेमा हलभन्दा नाटकघर सधैं भरिभराउ हुन्छ । नाटक उनीहरूको दैनिक जीवनसँग जोडिएको हुन्छ । हरेक सहरका गल्लीगल्लीमा थिएटर हुन्छ । र, पनि टिकट पाउँन मुस्किल हुन्छ । एउटा टिकटको नेपाली १०-१५ हजार रुपैयाँ पर्न आउँछ । त्यहाँ हामीले टिकट काटेर नाटक हेर्न सकिँदैन । विदेशमा नाटक महँगो छ, त्यसैले लगानी सुरक्षित हुन्छ । त्यसमा पनि राज्यले सहयोग गरेको हुन्छ । कर्पोरेट संस्थाले पनि सहयोग गर्छ । हामीकहाँ नाटक देखाउँदा लगानी उठाउनै गाह्रो हुन्छ । टिकट दर पनि बढाउन सकिँदैन । नेपालमा नाटक-संस्कृति सन्तोषजनक छँदै छैन ।

**तपाईंले स्थापना गर्नुभएको 'थिएटर भिलेज' बन्द भयो । के थियो बन्द हुनुको भित्री कथा ?**

अहिले सम्झिँदा लाग्छ, मैले 'थिएटर भिलेज' हतारमै खोलेछु । त्यसवेला नाटकघर कमै थिए । चलाउन सकिन्छ भन्ने विश्वास थियो, तर सकिएन । त्यसवेला वार्षिक ५-६ लाखको ऋण थपियो । बन्द हुने वेलासम्म एक करोडमाथि ऋण पुगेको थियो । अब त्यो गल्ती गर्दिनँ । नजानेर कतिपय कुरा गल्ती हुँदो रहेछ । धेरैले सहयोग गर्नु भयो । तर, मैले उहाँहरूको सपना पूरा गर्न सकिनँ । कोसिस गर्दा पनि सकिनँ । नाटकघर टिकाउन कि राजनीतिक पहुँच चाहिन्छ कि पैसा । मसँग दुवै थिएन । पछि युरोप गएर आर्ट म्यानेजमेन्ट अध्ययन गरेँ । त्यसले व्यवस्थापनको पाटो सिकायो ।

**नेपाली फिल्म नै राम्रोसँग नचलिरहेको अवस्थामा नाटकको भविष्य राम्रो छैन भनिन्छ नि ।**

हरेक देशको आफ्नो छुट्टै सांस्कृतिक पहिचान हुन्छ । सांस्कृतिक पहिचानमध्ये नाटक एक हो । नाटकमा संगीत, पेन्टिङ, कविता, राजनीति, समाज, इतिहास, दर्शन, आलोचनात्मक विश्लेषण सबै अटाउँछ । समाजको हरेक तहका आर्टफर्महरू बुझ्न नाटक जरुरी छ । समाज, राजनीति, भूगोल, विश्व र स्वयं आफूलाई बुझ्न चाहनुहुन्छ भने नाटक एउटा महत्त्वपूर्ण किताब हुन सक्छ । नाटक मनोरञ्जन मात्रै होइन, किताब पनि हो । नाटकले देश र समाज बुझाउँछ । किताब मात्रै पढेर केही हुँदैन । नाटकले जीवन र जगत् जोड्छ । गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा भनिन्छ । मचाहिँ गाँस, बास, कपास, शिक्षा र स्वास्थ्यको बीचमा थिएटर पनि हुनुपर्छ भन्छु । थिएटर शिक्षासँगै जोडिएको छ ।

**कुनै पनि देश सही अर्थमा विकसित हुन नाट्य क्षेत्रको भूमिका कस्तो हुनुपर्छ ?**

विकास र सांस्कृतिक गतिविधि दुवै सन्तुलनमा हुनुपर्छ । फराकिलो सडक, अग्लो भवनले मात्रै त्यो देशको पहिचान दिँदैन । त्यो भौतिक आवश्यकता मात्रै हो । संस्कृति नै मुख्य हो । मान्छे माटोसँग जोडिनुपर्छ । जब मान्छे माटोसँग जोडिन्न, रोबर्ट बन्छ । मान्छेलाई माटोसँग जोडिन नाटकले ठूलो सहयोग गर्छ ।

**अन्तर्राष्ट्रिय मञ्चमा नेपाली रंगमञ्चलाई हेर्ने दृष्टिकोण कस्तो छ ?**

विदेशमा नेपाललाई सगरमाथा र बुद्धको देश मात्रै भनेर चिन्छन् । कतिपयलाई नेपाल भन्ने नै थाहा छैन । मैले नाटक देखाउन जाँदा महसुस गरेँ । उनीहरूलाई चीन र भारतको बारेमा थाहा हुन्छ । तर, नेपालको बारेमा थाहा हुँदैन । जर्मनमा नाटक देखाउन जाँदा एकजना पत्रकारले 'नेपालमा पनि यो स्तरको नाटक हुन्छ ? तपाईंको मात्रै यस्तो नाटक हो कि अरूको पनि यस्तै हुन्छ ?' भनेर सोधेका थिए । उनीहरू आफ्नो लेभलको काम अरूले गर्न सक्दैनन् भन्ने सोच्छन् । युरोपियन, अमेरिकन र साउथ एसियनलाई हेर्ने दृष्टिकोण फरक हुन्छ । साउथ एसियन र युरोपियन, अमेरिकनहरूलाई राख्ने होटेलै फरक हुन्छ । साउथ एसियन देशबाट आउनेलाई फरक व्यवहार गरिन्छ । युरोपको एउटा फेस्टिभलमा जाँदा मैले झगडा नै गरेको छु । अर्को, नेपाल एकदमै पिछडिएको गरिब देश हो भन्ने बुझाइ छ । त्यसलाई हामीले बदल्नुपर्छ । भारतमै पनि नेपालीलाई चौकीदारी गर्ने भनेर सोच्छन् । अब हामीले काम गरेर देखाउनुपर्छ । हामीले पनि अध्ययन गरेका छौं, हामीलाई पनि पश्चिमा संस्कृति थाहा छ । पश्चिमा साहित्य, दर्शन, संस्कृतिबारे हामी जानकार छौं । तिमीहरूको लेभेलको काम गर्न सक्छौं भनेर चुनौती दिनुपर्छ ।

**आर्टप्रति राज्यको भूमिका कस्तो पाउनुहुन्छ ?**

राज्यले आर्टलाई गम्भीर रूपमा लिएकै छैन । संगीत नाट्य एकेडेमी राज्यले लाज छोप्न मात्रै र आफ्नो मान्छे भर्ती गर्न स्थापना गरेको हो । त्यसले कुनै ठोस काम गरेको छैन । केही देखाउनका लागि मात्रै काम गरिएको छ । बरु नेपालमा राज्यले भन्दा दर्शक र मिडियाले नाटकलाई साथ दिएका छन् । नेपाली रंगमञ्चको मेरुदण्ड भनेकै दर्शक र मिडिया नै हुन् । यहींबाट नाटकमा काम गर्ने ऊर्जा नाट्यकर्मीले लिइरहेका छन् । नत्र नेपालमा नाटक टिक्ने सवदैन । हिजो गुरुकुल पनि त्यसरी नै टिकेको हो । मिडियाले नै दर्शकलाई नाटक हेर्नुपर्छ भन्ने बनाएको हो ।

> राज्यले आर्टलाई गम्भीर रूपमा लिएकै छैन । संगीत नाट्य एकेडेमी राज्यले लाज छोप्न मात्रै र आफ्नो मान्छे भर्ती गर्न स्थापना गरेजस्तो भयो । त्यसले कुनै ठोस काम गरेको छैन । देखाउन केही काम मात्रै गरिरहेको छ । नेपाली रंगमञ्चको मेरुदण्ड भनेकै दर्शक र मिडिया हुन् । यहींबाट नाटकमा काम गर्ने ऊर्जा नाट्यकर्मीले लिइरहेका छन् ।
>
> ०००
>
> नाटक मनोरञ्जन मात्रै होइन, किताब पनि हो । नाटकले देश र समाज बुझाउँछ । किताब मात्रै पढेर केही हुँदैन । नाटकले जीवन र जगत् जोड्छ । गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र सुरक्षा भनिन्छ, मचाहिँ थिएटर पनि हुनुपर्छ भन्छु ।

**सिनेमामा हास्यव्यंग्यको प्रयोग बढेजस्तै नाटकमा पनि त्यसको प्रयोग बढेको देखिन्छ । के यो सही हो ?**

होइन । हामी थिएटरमा घिसिपिटी काम मात्रै गरिरहेका छौं । हामीले कहिलेसम्म यस्तो काम गर्ने ? हामीले सधैं बामे मात्रै सरेर हुँदैन । पहिले जे भनिदिँदा पनि हुन्थ्यो । तर, अहिले त्यस्तो छुट छैन । बौद्धिक दर्शक नाटकमा बढेका छन् । हामीले घिसिपिटी काम गरिरह्यौं भने सिनेमाकै जस्तो हालतमा पुग्छौं । पाकिस्तानमा नाटकलाई पपुलर बनाउने नाममा कमेडी नाटक बढी गरियो । कमेडी पनि अझ भल्गर हुँदै गयो । नाटकलाई चलाउन डान्स पनि थप्न थालियो । बिस्तारै नाटक ध्वस्त भयो । त्यहाँ नाटक हेर्न छोडियो । दर्शकलाई आकर्षित गराउने ध्याउन्नले पाकिस्तानको नाटक डुब्यो । यस्ता उदाहरण धेरै देशका छन् । नेपालले त्यहाँबाट सिक्नुपर्छ ।

**त्यस्तो खतरा नेपालमा छ र ?**

हाम्रोमा पनि त्यस्तो स्थिति नआउला भन्न सकिन्न । त्यसको प्रभाव तत्कालै देखिँदैन । पछि ठूलो प्रभाव पार्छ । दर्शकलाई रेस्पेक्ट गर्नुपर्छ, इग्नोर गर्नुहुँदैन । दर्शकलाई तपाईंले जोड्ने हो । सबै दर्शक बौद्धिक हुँदैनन् । बौद्धिक हुँदैनन् भनेर हामीले गैरजिम्मेवार काम गर्नुहुँदैन । पहिले मैले गरेको नाटक हेर्न दर्शक आउँदैनथे । चार-पाँचजना मात्रै दर्शक हुन्थे । कस्तो नाटक हिट हुन्छ भन्ने मलाई थाहा छ । हाउस फुल हुने सयवटा नाटक गर्न सक्छु । तर, मलाई त्यस्तो नाटक गर्नु छैन । दर्शकलाई हँसाउन र मनोरञ्जन दिन मात्रै नाटक गर्दिनँ ।



गुलेती सदा

# 'मालिक धनिकके धनिके रहिगेल, **हम गरिबके गरिबे'**

यो सिराहास्थित सखुवा गाउँको पुछारमा रहेको एउटा मुसहर बस्तीको कथा हो । बलान खोलाको किनारनजिकै रहेको यो बस्तीमा २५ झुपडी छन्, जो राज्य र समाजबाट किनारीकृत छन्, रोजीरोटीका लागि मालिकको घरमा बँधुवा श्रमिकका रूपमा काम गर्न बाध्य छन् ।



**अनिल यादव**
aniljournalist2067@gmail.com



**मणिलाल विश्वकर्मा**
mani.rgt@gmail.com

समाज

गिरहत (मालिक)को गोठमा जोतिँदाजोतिँदै मैलो भइसकेको छ, आफूले लगाएको निलो टिसर्ट, कालो हाफ पाइन्ट र टाउकोमा बेरिएको गम्छा । फुसको छानो भएको एककोठे आफ्नै झुपडीको ढोकामा खाली खुट्टै भोक्राइरहेका छन्, गुलेती सदा । उमेरले ४५ पुगे, तर उनको पातलो ख्याउटे शरीर, सेतै फुलेको दाह्री देखेर ६० कम भन्दा कसैले पत्याउँदैन उनलाई ।

साँघुरो उनको कोठाभित्र छिर्दा बाँसको एउटा बिस्तरा भेटिन्छ । जहाँ ओढ्ने, ओछ्याउनेलगायत कपडा छरपस्ट छन् । त्यसैलाई देखाउँदै उनी भन्छन्, 'यस्तै हो हजुर, हामी हरवाचरवा बस्ने ठाउँ । खानलाई त दुःख छ, अरू सुखको के कुरा !'

हरवाचरवा अर्थात् गिरहतको घरमा हलो जोत्ने, खेतीपाती गर्ने, गाईवस्तु चराउने उनको पुख्यौंली काम ठानियो । बाबु सोतीलालदेखि दाजुहरू सिलट र बिलट सबै उनकै आँखाअघि हरवाको काम गर्दागर्दै अस्ताए ।

करिब २० वर्षअघि श्रीमती रामसतीदेवी सदा पनि स्थानीय धनिकलाल सनौगियाको घरमा हरवा बसिरहेकै वेला बिरामी परिन् । उपचारका लागि १० हजार आवश्यक पऱ्यो । गुलेती र उनकी श्रीमतीले उपचारमा सहयोग गर्न पटक-पटक बिन्ती गरे । तर, मालिकले पत्याएनन् । 'हामी गरिब दलितलाई कसैले पत्याउँदैन । जति रोइकराइ गरे पनि तिर्न सक्दैन भनेर पत्याएन । त्यसपछि उपचार गर्न नपाएर श्रीमती बितिन् । त्यसपछि म त्यहाँको काम छाडेर अर्को गिरहत खोर्जे,' गुलेतीले मैथली भाषामा भने ।

दुई छोरी र एक छोराका बुबा गुलेतीले १० वर्षको उमेरदेखि गिरहतको काम गर्न थालेका हुन् । ३५ वर्षको अवधिमा अहिलेसम्म उनले १० जना गिरहत फेरिसके । तर, जति गिरहत फेरे पनि उनको दुःख र अभाव फेरिएन । काम गरेका गिरहतहरूको नाम पनि उनले भुलेका छैनन् । सोध्यो भने फटाफट भनिदिन्छन्, 'जीवछ गोहिवार, जगदेव गोरहान, लालविहारी गोइत, रामप्रसाह रोहिता, हरि साह, देवानजी सनौगिया, छरिया लुदरवार र डोमी कलाल ।'

अप्ठेरो परेका वेला असहयोग र निरन्तर किचकिचका कारण गिरहत फेर्दै हिँड्नु उनको बाध्यता बन्यो । भन्छन्, 'वर्षको ४० किलो धान दिनसमेत हिच्किचाउँथे, घर व्यवहार चलाउन लिएको थोरैतिनो ऋणबापत कम्तीमा दुईदेखि तीन वर्षसम्म काम गर्दा पनि अझै बाँकी छ भन्दै काम जोताउँथे । हाम्रा कारण उनीहरू धनी भइरहे । तैपनि दुःखमा नहेरेपछि गिरहत फेर्दै हिँड्नुपऱ्यो । तर, जति फेरे पनि दुःख उस्तै रह्यो ।'

दुई छोरीका बुबा गुलेतीको पछिल्लो गिरहतसँगको कथा पनि उस्तै पीडादायी छ । छोरीलाई बिहे गराउँदा लिएको ऋणबापत तीनवर्षयता उनी गाउँकै गिरहत विजयकुमार रजकको गोठमा काम गर्न गइरहेका छन् । गत वर्ष मात्रै जेठी छोरी ममताको विवाह गराउन रजकसँग उनले ६० हजार ऋण लिएका थिए । गिरहतकोमा काम गरेबापत एक वर्षमा आधा ऋण कटौती हुने सम्झौता छ । भन्छन्, 'ऋण चुक्ता गर्न अब एक वर्ष काम गर्नुपर्नेछ ।' उनले पाउने वार्षिक ज्यालाको हिसाब निकाल्दा दैनिक ८३ रुपैयाँ हुन्छ, जबकि सरकारको श्रम तथा रोजगार मन्त्रालयअन्तर्गत श्रम तथा व्यवसायजन्य विभागले १ साउन २०७८ देखि लागू गरेको न्यूनतम ज्यालाअनुसार दैनिक पाँच सय ७७ रुपैयाँ हुन आउँछ ।

गुलेतीलाई ऋण चुक्ता गर्न भनेजस्तो सहज भइरहेको छैन । हरेक दिन बिहान ७ बजेदेखि राति ९ बजेसम्म वस्तुभाउलाई घाँसपानी र गोबरकर्चीको काम गर्दा पनि उनलाई खानलाउन हम्मे

# सुश्री पारिजात : एक अनुभूति



**वासु श्रेष्ठ**
basushrestha@gmail.com

समीक्षा

केही वर्षपहिले साहित्यकार मित्र गोविन्द गिरी 'प्रेरणा'ले एक भेटघाटमा पारिजातको जीवनी लेख्दै छु भनेका थिए । उनको लेखनसँग परिचित मैले यो ठूलो जिम्मेवारीको काम भएको र लेखनमा कुनै विवाद नआउने प्रकारले लेखिनुपर्छ भनेको थिएँ । किनकि, कसैको जीवनी लेख्दा थुप्रै सन्दर्भ सामग्री तथा व्यक्तिको सहयोग चाहिन्छ । भेटिएका ती सन्दर्भ सामग्री तथा व्यक्तिहरू कत्तिको इमानदार तथा निष्पक्ष हुन्छन्, त्यो पहिल्याउन सक्ने हुनुपर्छ । अन्यथा लेखिइने पात्रप्रति अन्याय त हुन्छ नै, लेखक स्वयम् पनि विवादमा पर्न सक्छ ।

पारिजातको बारेमा नै किन जीवनी लेखियो भन्ने जिज्ञासा मेटाउन गोविन्द भूमिकामा भन्छन्, 'उनको लोकप्रियता, उनका विषयमा हुने गरेका पक्ष-विपक्षका तर्क, उनी आफैंले सिर्जना गरेका विवाद, अनेकानेक कारणले पारिजातको जीवनी नै पहिला लेख्नुपर्छ भन्ने लाग्यो ।'

दुई दशकदेखि सामग्री जुटाउँदै आएका गोविन्दलाई यसै समयमा यो कृति प्रकाशनमा आउनाको जस भने पारिजातकी अमेरिकी साहित्यकार मित्र बर्बरा निग्री अजिजलाई दिँदै आफ्नो भूमिकामा तिनको भनाइ उद्धृत गर्दै भनेका छन्, '...तर किताब लेखिसक्छौ कहिले ? निस्कन्छ कहिले ? तिमी अध्ययन र अनुसन्धानमा रमाइरह्यौ भने किताब कहिल्यै निस्किँदैन । डेटलाइन तोक, डेटलाइन ।' गोविन्दले डिसेम्बर ९, २०२२ का दिन विमोचन गर्ने गरी डेटलाइन तोके । र , गरे पनि ।

पारिजातका थुप्रै समकालीन, समवय तथा कम उमेरका पात्रहरूको संस्मरण, पारिजातको बारेमा तिनका सार्वजनिक अभिव्यक्ति तथा गोविन्द आफैंले तिनीहरूसँग तथा पारिजातसँग लिएका अन्तर्वार्ताका अंश उद्धृत गरिएको छ । १३ शीर्षक र यीअन्तर्गत सम्बन्धित विभिन्न उपशीर्षकको उपस्थितिले आफूले चाहेको जुनसुकै खण्ड पढ्न सकिने बनाएको छ । तसर्थ सन्दर्भ सूचीलगायत झन्डै ४०० पृष्ठको यो कृति संग्रहणीय छ । 'सुश्री पारिजात' पढेपछि बुँदागत रूपमा मेरा केही अनुभूति यसप्रकार छन् :

**एक** : सुश्री पारिजात पढेपछि हरेक विधामा कलम चलाउने पारिजात एक सचेत, जागरुक साहित्यकार हुन्, यसर्थमा उनी वर्तमानको मूल्यांकनको तहभन्दा अझ माथिल्लो तहमा हुनुपर्ने जस्तो देखिन्छ । तर, यसको मूल बाधा उनले समातेको राजनीतिक बाटो नै देखिन्छ । सायद राजनीतिक सिद्धान्तबाट निरपेक्ष भएर नितान्त साहित्य साधनामा लागेकी भए उनी अझ सबैकी प्रिय हुने थिइन् भन्ने अनुभूति हुन्छ । अझ बहिनी सुकन्याको वामपन्थी नेता निर्मल लामासँगको वैवाहिक सम्बन्धले त नेपालीको जस्तो हरेक विषयमा राजनीति देख्ने या राजनीतिसँग सम्बन्ध गराउने संकुचित विचारमा उनलाई ध्रुवीकरण गरेर पक्षपात भएको छ भन्दा अत्युक्ति नहोला । त्यसमाथि आलोचना खप्न नसकेर प्रतिकार या प्रतिवादमा ओर्लिएपछि त झन् ध्रुवीकरणको सम्भावनाले ठूलो स्थान पाएको देख्छु र उनको हुनुपर्ने तहको मूल्यांकन नभएको अनुभूति हुन्छ । यहाँनेर 'शिरीषको फूल'को भूमिकामा शंकर लामिछानेले उनका एक डेनिस मित्रसँग भनेका 'नेपाली चर्चा गर्दैनन्, कटुता मात्र पोख्छन्' अझ सान्दर्भिक हुन आउँछ ।

अर्कोतिर पारिजात राजनीतिक ध्रुवीकरणमा कत्तिको संलग्न भएकी रहिछन् भन्ने कुरा कृतिको राजनीतिक पूर्वाग्रह र पारिजात खण्डले (पृष्ठ २१६) प्रस्ट पारेको छ । विश्वेश्वरप्रसाद कोइरालाको निधनमा समेत उनको प्रतिक्रिया यस्तो रहेछ : 'कसैले विश्वेश्वरप्रसाद कोइरालाको निधनले मलाई कति क्षतिको अनुभव भयो भन्ने प्रश्न गरे, मलाई कुनै क्षति भएन । मान्छे आउँछ-जान्छ । कोइरालाको प्रगतिशील साहित्यमा कुनै देन थिएन । यसकारण उनको निधनले मलाई कुनै क्षति गरेन ।'

यसै खण्डमा पारिजातले बिपीका कृतिहरूको राजनीतिक कारणले 'नपढेको र पढ्दा पनि नपढ्ने' धारणा वानिरा गिरीसँग राखेको पाइन्छ भने अर्कोतिर बिपीका कृतिबारे



सरयुग सदा



सोम्नीदेवी सदा



सखुवा गाउँ, सिराहा

छ। कारण, ऋण कटाउने कि छाक टार्ने ? 'काम गरेपछि पाइने खानेकुरा ल्याएर बाबुछोरी बाँडेर खान्छौं,' उनी भन्छन्, 'शरीरको अवस्थाका कारण गाह्रौं काम गर्न नसक्ने भएँ। त्यसैले घाँसपानी र गोबरकर्चीको काम गर्दै छु। दुई वर्षमा छोरीको बिहेको ऋण तिर्छु भनेर वेलावेला गिरहतलाई पैसा माग्नैपर्ने बाध्यता छ। त्यसैले ऋण कहिले चुक्ता हुन्छ थाहा छैन।'

यो सिरहास्थित सखुवा गाउँको पुछारमा रहेको एउटा मुसहर बस्तीको कथा हो। बलान खोलाको किनारनजिकै रहेको यो बस्तीमा २५ झुपडी छन्, जो राज्य र समाजबाट किनारीकृत छन्, रोजीरोटीका लागि मालिकको घरमा बँधुवा श्रमिकका रूपमा काम गर्न बाँध्य छन्। जीवनयापन गर्न गिरहतको खेतमा हलो जोत्ने सर्तमा ऋण लिन मजबुर छन्। अनि त्यही ऋणको ब्याज र सावाँ तिर्न नसक्दा गिरहतको दुष्चक्रमा फसेर जीवनभर उनीहरूकै घरमा हरवाचरवा बस्न बाध्य छन्।

सखुवानन्कारकट्टी गाउँपालिका-४ मा पर्ने खयरबोना चोकदेखि करिब तीन किलोमिटर पूर्वमा रहेको यो बस्ती अहिले आफू पुस्तौंदेखि बस्दै आएको जमिन खोसिने डरले चिन्तित छ। यहाँका हरेक झुपडीको कथा गुलेतीको जस्तै दर्दनाक छ।

स्थानीय बुढापाकाका अनुसार तीन पुस्ताभन्दा बढी समयदेखि बस्दै आएको यो बस्ती गाउँब्लकमा पर्छ। करिब एक वर्षअघि गाउँका मिथिलेश यादवले बस्तीभित्रको डेढ कठ्ठा जग्गा आफ्नो रहेको दाबी गर्दै झ्यमेला गरे। त्यसपछि बस्तीका हरेक घरले मजदुरी, ऋणकर्जा गरेर १५-१५ हजार रुपैयाँ बुझाएका छन्, तर जग्गाको स्वामित्व अझै यकिन भएको छैन। आइतबार नयाँ पत्रिकाकर्मी यो बस्तीमा पुग्दा अधिकांशले यादवसँग लड्न नसकेकाले १५ हजार बुझाउन बाध्य भएको बताए।

गत वर्ष बर्खा सुरु हुनैलाग्दा अमृतादेवी सदाको घरको छानो भत्किएको। पानी चुहिन नदिन मर्मत गर्नुपर्ने भयो। तर, मालिक यादवले आफ्नो जग्गा दाबी गर्दै मर्मत गर्न दिएनन्। 'बर्खामा चुहिएपै बस्नुपऱ्यो,' अमृताले मैथली भाषामा भनिन्, 'त्यसपछि कति लड्ने भनेर सबैले १५-१५ हजार उठाएर दिन तयार भयौं। त्यसपछि पनि जग्गा हाम्रो नाममा हुन सकेको छैन। फेरि मिथिलेशले भित्रभित्रै षड्यन्त्र गरेर उजुरी हालेको छ रे।'

यस गाउँको क्षेत्राधिकारभित्र पर्ने सखुवानन्कारकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादवसँग यसबारे जिज्ञासा राख्दा उनी यो बस्ती गाउँब्लकमा पर्ने भएकाले नापी कार्यालय लहानबाट हकभोगअनुसार नापी भएको र उक्त जग्गामा दाबीविरोध गरेकाले स्वामित्व यकिन गर्न ढिलो भइरहेको बताउँछन्। 'गाउँपालिका कार्यालयले बस्तीका लागि गर्नुपर्ने काम गरिरहेको छ, नापीले किन ढिलाइ गरिरहेको छ, बुझ्दै छौं,' उनले भने।

२ साउनमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले नेपालमा बँधुवा श्रम प्रथाका रूपमा अझै विद्यमान रहेको हरवाचरवा प्रथा उन्मूलनको घोषणा गरे। तर, नौ महिनासम्म पनि यो उन्मूलन घोषणा कागजमै सीमित छ, व्यवहारमा देखिएको छैन।

मधेसमा करिब एक लाख संख्यामा रहेका हरवाचरवाहरू 'कि न्याय कि पुनर्स्थापना !' भन्दै संगठित रूपमै 'अधिकार यात्रा'मा हिँडिरहेका छन्, तर राज्य यसबारे मौन छ। हरवाचरवालाई मुक्त घोषणा गर्नुअघि सरकारले मुक्त कमैया, कमलरी, हलिया र हरवाचरवासम्बन्धी वस्तुस्थिति अध्ययन गर्न राजनीतिक विश्लेषक श्याम श्रेष्ठको संयोजकत्वमा समिति नै बनाएको थियो। समितिले जिम्मेवारीअनुसार प्रतिवेदन पनि बुझायो। तर, त्यो प्रतिवेदन कार्यान्वयनमा आएन। सोमबार सिरहाको जिल्ला प्रशासन कार्यालयअघि हरवाचरवाका 'अधिकार यात्रा'मा सहभागी हुन आएका श्रेष्ठ स्वयंले भने, 'नेपालको इतिहासमा अध्ययन समितिको संयोजक स्वयं त्यो निवेदन कार्यान्वयन गर्नका लागि जुलुसमा हिँड्नुपर्ने विडम्बना आइलाग्यो।'

श्रेष्ठका अनुसार जतिवेला तत्कालीन प्रधानमन्त्रीले हरवाचरवा मुक्त भएको घोषणा गरेका थिए, त्यतिवेला उनले सार्वजनिक रूपमै भनेका थिए- अब हरवाचरवाले ऋण तिर्नुपर्दैन, उनीहरूको पुनर्स्थापना हुन्छ। तर, त्यो भाषण अहिलेसम्म कार्यान्वयनमा आएको छैन।

जसका कारण मधेसका हरवाचरवाहरू कष्टकर जीवन बाँच्न बाध्य छन्। सखुवाकै ५५ वर्षीया सरयुग सदाको परिवार अर्को एक उदाहरण हो। मुसहर बस्ती प्रवेश गर्ने सुरुमै छ, उनको घर। माटोको भित्ता र फुसको छानोले बनेको झुपडी गत वर्षको वर्षाका कारण उत्तर-पश्चिम कुनार्पाट्टिबाट ढलेको छ। हामी बस्तीमा सरयुगसँग गफिँदै थियौं, त्यही वेला उनकी ५१ वर्षीया श्रीमती विष्णुदेवी निन्याउरो अनुहार बोकेर कतै बाहिरबाट आइपुगेकी थिइन्। 'घर मर्मतका लागि पैसा देलान् कि भनेर प्रहरी कार्यालय गएको थिएँ, उल्टै हप्काएर पो पठायो,' आउनेबित्तिकै ढलेको घर देखाउँदै उनले भनिन्, 'हामी मरे पनि, हाम्रो घर ढले पनि कसैलाई केही मतलब छैन। गिरहत धनिकके धनिके रहिगेल, हम गरिबके गरिबे।'

विष्णुदेवीले यसबीचमा घर मर्मतका लागि गाउँपालिका, वडा कार्यालयलाई हारगुहार गरिन्, तर कसैले केही सहयोग गरेनन्। अहिले छोरीपट्टिकी पाँच वर्षीया नातिनीसहित बस्दै आएका उनीहरू घरभित्र-बाहिर गर्दा निहुरिएर हिँड्न बाध्य छन्। उनका तीन छोरीहरू विवाह भएर आ-आफ्नै घर बसिरहेका छन्। जेठा र कान्छा छोरो भने आफ्ना जहानसहित भत्किएको झुपडीसँगै जोडिएको आ-आफ्नो झुपडीमा बसिरहेका छन्। गाउँमा कृषि मजदुरीसँगै खेतीपातीको समय सकिएपछि उनीहरू अहिले दिल्ली-पनजाबमा मजदुरी गरेर आफ्नो परिवार चलाइरहेका छन्। उमेर ढल्किँदै गए पनि सरयुगलाई भने दालभात खानै धौधौ छ। करिब ४० वर्षको उमेरसम्म उनले टल्लामा माटो बोक्ने काम गरे। गाउँघरमा ट्र्याक्टर भित्रिएपछि माटो बोक्ने काम पनि खोसियो। त्यसपछि बस्तीकै जमिन आफ्नो दाबी गरिरहेका गिरहत मिथिलेश यादवकोमा १२ वर्षसम्म हरवा बसे।

यादवले उनलाई वर्षभरि हलो जोत्ने र वस्तुभाउको काम गरेबापत १० कठ्ठा जग्गा कमाइ खान दिएका थिए। तर, गिरहतको खेती सिध्याएपछि मात्रै आफ्नो जग्गामा समय दिन पाउँदा खासै राम्रो उब्जनी गर्न सकेनन्। गिरहतले सधैं 'कमाएर खान जग्गा दिएकै त हु' भन्दै अरू केही पारिश्रमिक नदिएपछि हातमुख जोर्न गाह्रो भयो। त्यसपछि उनले हरवाको काम नै छाडिदिए। तर, घरपरिवार चलाउनै गाह्रो भएपछि फेरि गिरहतकोमा जान बाध्य भए। वृद्ध शरीरले हलो जोत्न नसकेपछि पछिल्लो तीन वर्षयता उनी गाउँकै अर्का गिरहत कृष्ण सनौगियाको वस्तुभाउ हेर्न थालेका छन्। हरेक दिन बिहान ७ बजेदेखि राति १० बजेसम्म सनौगियाको घरमा वस्तुभाउलाई कुट्टी (परालको टुक्रा) काट्ने, घाँसपानी खुवाउने, गोठ सरसफाइको काम गर्नु उनको दैनिकी हो। त्यसरी काम गरेबापत गिरहतले उनलाई बिहान-बेलुकाको खाना र मासिक आठ सय रुपैयाँ ज्याला दिन्छन्। 'हाम्रो कर्मै यस्तो रहेछ। गिरहतको काम नगरी रोजीरोटी चल्दैन,' उनले भने।

## बाच्छासँगै सुत्छ सोम्नीदेवीको परिवार

यही बस्तीमा साँघुरो एककोठे झुपडीभित्र छिर्दा सोम्नीदेवी सदाको वासस्थानमा पुगिन्छ। भित्र एउटा सानो खाट छ, भुइँमा झुल लगाइएको अर्को ओछ्यान। भुइँको ओछ्यानमा बसिरहेकी थिइन्, सोम्नीदेवी। सँगसँगै कोठामा पशुलाई आहारा खुवाउने डोँढी र भुइँभरि गोबर छरिएका थिए। त्यहींनेर खेलिरहेकी थिइन्, सोम्नीकी नातिनी। जसले जे भनोस् तर सोम्नीदेवी बस्ने घर पनि यही हो, उनले पालेको बाच्छा बस्ने गोठ पनि यही। आर्थिक संकटका कारण गाईचाहिँ भर्खरै बेचेकी रहेछिन्। भन्छिन्, 'बर्खामा छानोबाट पानी चुहिएर सुत्ने गाह्रो हुन्छ। दुःखसुख बाँचिएको छ।'

उनी र उनका श्रीमान् कपलेसर सदा दुवै फरक-फरक गिरहत (मालिक)को काम गर्छन्। सोम्नीदेवी स्थानीय इनरदेव यादवको घरमा खेत रोप्ने काम गर्छिन्। खेतमा काम गरेबापत १५ किलो धान पाउँछिन्। श्रीमान् अर्कै गिरहतकोमा कुट्टी काट्ने काम गर्छन्। सोम्नीदेवीका अनुसार त्यसबापत महिनाको एक हजार कमाउँछन्। छोराबुहारी पनि त्यही बस्तीमा गिरहतको काम गर्न बाध्य छन्। गिरहतको काम गरेबापत सोम्नीदेवीले पटक-पटक ऋण लिएकी छिन्। तर, काम गरेरै तिरिसकेको बताउँछिन् उनी। 'अप्ठेरो पर्दा ऋण लिने अनि सोहीअनुसार काम गरेर तिर्ने, यहाँ हामी सबैको जिन्दगी चलेकै यसरी हो,' उनले भनिन्।

तीन सन्तानकी आमा ३५ वर्षीया मिनादेवी सदा बस्तीका अधिकांश हरवाचरवाहरू आर्थिक अभावका कारण भोकभाकै बस्न बाँध्य भएको बताउँछिन्। स्थानीय मिथिलेश यादवले जग्गा पास गरिदिन्छु भनेर १५ हजार लगेकोमा उनको ठूलो चित्त दुखाइ थियो। भन्दै थिइन्, 'गिरहतकोमा काम गरेर कमाएको धानचामल सबै बेचेर त्यो पैसा जुटायौं। तैपनि जग्गा हाम्रो नाममा भएको छैन।'


आर्थिक अभावका कारण बालबच्चालाई पढाउन नसकिएको उनको गुनासो थियो। 'दलित लोग कुछो नै बुझैछी तो कति करवै ?' उनले भनिन्, 'जसको घरमा काम गरियो उनीहरूले ४-५ वटा घर बनाइसकें, हाम्रो हालत भने जस्ताको त्यस्तै छ। यहाँ पैसा पुरुषको हातमा हुन्छ, त्यसैले पनि बच्दैन। एक सय घरमा दिन्छन्, दुई सय आफैं सकाउँछन्।' अहिले मिनादेवी गिरहतको गहुँ र धान काट्ने, बोक्ने काम गर्छिन् भने उनका श्रीमान् गहुँ दाहुनी गर्ने काम गर्छन्।

## छोरीले एसइई दिई, अब पढाउने कसरी ?

यो मुसहर बस्तीमा पुग्दा सबैजसो यहाँका हरवाचरवाहरू आफ्ना दुःख र संघर्षका कथाहरू सुनाइरहेका थिए, तर अमृतादेवी सदाको घरमा बेग्लै रौनक थियो। कारण, गिरहतको घरमा काम गरेर दुःखले पढाएकी छोरी पूजाकुमारीले त्यसै दिन एसइईको अन्तिम परीक्षा दिएर आएकी थिइन्। एक छोरी र दुई छोराकी आमा अमृता दम्पतीले हरवाचरवा गरेरै तीनैजनालाई पढाउने प्रयत्न नगरेको होइन। तर, जेठो छोरा सन्जनलाई आठ कक्षा पढाउँदापढाउँदै छोडाउनुपऱ्यो। सन्जन अहिले पैसा कमाउन बुबासँगै पन्जाब गएका छन्। कान्छा छोरा श्रवण भने ओभरसियर पढ्दै छन्। अहिले एक्ली छोरी पूजाले एसइई दिएकी छिन्।

परीक्षा पास हुनेमा पूजा ढुक्क छिन् तर त्यसपछि कलेज पढ्न पाइने हो-होइन, उनी अन्योलमै छिन्। 'पढ्न पाएँ भने धेरै पढ्न मन छ, अरूजस्तै कलेज जान मन छ,' पूजाले भनिन्। त्यसमै अमृताले थपिन्, 'हामी दलितसँग पैसा कहाँ हुन्छ बालबच्चा पढाउनलाई ? खानै त पुग्दैन। तैपनि मलाई मेरी छोरी पढाउने मन छ।'

# हलेसी : धार्मिक सहिष्णुताको उदाहरणीय स्थल



आफ्नो देश छोडेर बाहिर गइसकेपछि जन्मभूमि जान्ने, बुझ्ने, हेर्ने उत्कण्ठा झन् बढ्ने रहेछ। यसैले कर्मभूमि सानफ्रान्सिस्कोबाट जन्मथलो लाजिम्पाट फर्किनासाथ एक हप्ता नबित्तै पश्चिम पोखराबाट हिँडाइ सुरु गरी अन्नपूर्ण बेसक्याम्पसम्म पुगियो। त्यसपछि काठमाडौं उपत्यकाभित्रकै हाम्रा पुर्खाबाट स्थापित संरचना, विश्व सम्पदामा समाहित धार्मिक-सांस्कृतिक स्थल अवलोकन सकेर खोटाङको प्रागैतिहासिक हलेसी गुफा पुग्ने अवसर पाइयो। यात्रामा थियौं हामी ६ जना (प्रा.डा. गोपाल पोखरेल विवश, श्री विनोद भट्टराई, श्री सुशीला भट्टराई, श्री वीणा पोखरेल, श्री विशेष भट्टराई र म)। पुस ४ गते ०७९ मा काठमाडौंबाट बिपी राजमार्गको खुर्कोट हुँदै करिब सात घन्टामा हलेसी पुग्यौं। हलेसीको ढुंगेयुगीन गुफाबारे केही पक्ष तल उल्लेख गर्ने कोसिस गरिएको छ।



**मल्लिकाश्री पोखरेल**
mallika99@gmail.com

पर्यटन

## ढुंगेयुगीन मानव पूर्वजको घर

ढुंगेयुगका हाम्रा पूर्वजहरू पूर्णरूपमा प्राकृतिक थिए, प्रकृतिसँग तादात्म्य राख्दथे। ओडार-गुफालाई आश्रयस्थल बनाउँथे। उनीहरूले प्रयोग गर्ने हातहतियार पनि ढुंगे उपकरण नै थिए। नेपाल पनि ढुंगेयुगको मानव विचरण गर्ने भूभाग अर्थात् मानवपूर्वजको बसोवासस्थल थियो। नेपालमा गरिएका पुरातात्त्विक खोज-अनुसन्धानबाट दाङ, पाल्पा, नवलपरासी, संखुवासभा, दोलखा, काभ्रे, काठमाडौं उपत्यका आदि ठाउँबाट विशेषगरी नवपाषाणकालीन मानवपूर्वजका ढुंगे उपकरणहरूको प्राप्तिले माथिको प्रस्तुतिलाई बल पुऱ्याउँछ। अझै अगाडि बढेर हेर्दा बुटवल तिनाउ नदी किनारमा प्राप्त मानवपूर्वज अर्थात् रामापिथेकस (रामावानर)को अवशेषले त केन्यापछि विश्वमै दोस्रो सर्वप्राचीन मानवपूर्वज रहेको देश हाम्रो नेपाल हुनु गर्व र खुसीको विषय मान्न सकिन्छ।

हलेसी थुम्को परिसरमा रहेका अद्भुत प्राकृतिक संरचना महादेव, बसाहा, मञ्जुश्री आदि नामबाट सम्बोधित चट्टानी गुफा (ओडार)हरू अवश्य पनि ढुंगेयुगका सर्यौं मानवपूर्वजका वासस्थान नै हुन सक्ने आधार प्रबल देखिन्छ। सम्बद्ध निकायबाट वैज्ञानिक रूपमा सूक्ष्म अनुसन्धान हुन सके तत्कालिक मानवले प्रयोग गरेका हातहतियारका सामग्री पाउन सक्ने आशा गर्न सकिन्छ।

## त्रिमत समन्वय स्थल हलेसी

अनेक देवदेवीको उत्पत्तिस्थल अर्थात् उद्भवसम्बन्धी अनगिन्ती कथ्य-अनुश्रुति जोडिन पुगेको तथा प्रकृतिलाई बिम्ब मान्दै लोकभाका र साहित्यको सिर्जना भएको देश हो नेपाल। नेपाल एकातिर सभ्यता-संस्कृतिको प्रारम्भदेखि नै ऋषिमुनि, महर्षि, बुद्ध-बोधिसत्त्वको देशको रूपमा अग्रणी देखिन्छ भने, अर्कोतिर सधैं सबै धर्म-सम्प्रदायको आश्रयस्थल पनि। यसै क्रममा आज नेपालका धार्मिक समन्वय केन्द्रको सूचीमा हलेसी परिसर त्रिमत अर्थात् तीन सम्प्रदाय क्रमशः सनातन हिन्दू, बौद्ध तथा किराँतधर्मको आध्यात्मिक शक्तिकेन्द्र उपासनास्थलका रूपमा उभिन पुगेको देखिन्छ। यो स्थानले प्रमुख पर्यटकीय गन्तव्यस्थलमा पनि आफूलाई अगाडि बढाउँदै छ। महादेव गुफामा महादेव र उनका परिचर (शैवगण)लाई सनातनी हिन्दूहरू उनीहरूका प्राकृतिक प्रतिमाहरूलाई भावभंगीअनुसार नै आत्मसात् गर्दै पूर्वको पशुपतिको रूपमा हेर्दै उपासनामा सरिक हुन्छन्।

किराँत समुदायमा महादेव र पार्वती क्रमशः पारुहाङ र सुम्निमा अर्थात् आदिमभूमिका अनादि देवदेवीका रूपमा उपास्य छन्। महादेव गुफाकै तल्लो खण्डको समतलस्थलमा 'दोस्रो-बुद्ध' भनी सम्बोधित गुरु रिम्पोचे पद्मसम्भव समाधिमा बसेको ठाउँ बताइन्छ। अमर गुरु पद्मसम्भवको आयुसिद्धि, अमरायु अर्थात् अमरत्व प्राप्तिस्थल अर्थात् जन्म र मरण नहुने अमर बज्रकाय प्राप्त महातीर्थस्थल मातातिका गुफाको रूपमा समुच्च बौद्धमार्गीहरूका लागि हलेसी पावन तीर्थभूमि मानिन्छ। भनिन्छ, इ. सातौं शताब्दी (?) मा शक्ति मन्दरादेवी साथ बौद्ध गुरु पद्मसम्भव नेपाल भ्रमणमा रहँदा यही हलेसी गुफामा पुगेर करिब तीन महिना मृत्युबाट मुक्त हुन साधनामा केन्द्रित हुन पुगे, जुन ठाउँलाई पछि 'मातातिका गुफा' नामबाट पनि सम्बोधन हुनपुग्यो, जसलाई 'दोस्रो-लुम्बिनी' पनि भनिन्छ।

हलेसी महादेव गुफाको संरचना अर्थात् गुफाभित्रका प्रत्येक चट्टानी चोइटा, खण्ड, अंशमा अनेक रोमाञ्चित जनश्रुति जोडिएका र देवदेवीलगायतको प्रतिमा प्रतीकका रूपमा रहेका छन्। करिब तीन सय फिट गहिराइको समतलमा महादेव, गणेशलगायतको प्राकृतिक प्रतिमा, उत्तरीखण्डमा प्राकृतिक धर्मद्वार, पापद्वार, जन्मद्वार, स्वर्गद्वार, कर्मद्वार तथा दक्षिणपट्टि पार्वतीस्थल र फेदीमा पद्मसम्भव ध्यानस्थल रहेको बताइन्छ।

## गुफाभित्र अद्भुत बसाहा

महादेव-पद्मसम्भव गुफाबाट बाहिर निस्किई केही तल झर्दा केही भिरालो-समतल हातामा अद्भुत प्राकृतिक ओडार देख्न सकिन्छ जसलाई 'बसाहा गुफा' भनी सम्बोधन गरिन्छ। हजार मान्छे नै अट्न सक्ने यो भव्य ओडारमा प्रवेश गर्नासाथ बायाँ चट्टानमा जोडिएको एक आकृति छ जसलाई 'शिवजीले फुकेको शंख' भनिन्छ र प्रायः यात्रीले यो शंख बजाउन कोसिस गरेको भेटिन्छ। यसमा पनि गुफाभित्रका चट्टानका प्रत्येक अंश कुनै न कुनै मिथक वा पुरा कथासँग जोडिन पुगेको छ। ओडारभित्र शिवजीको पाइला, पापद्वार, शिवजीको पिसाब गर्ने ठाउँ तथा कहीं चट्टानीप्वालमा धुँडा पसाउने त कतै पिठौं घोट्ने स्थलको रूपमा रहेको छ। भित्र सर्यौं दियो बाल्ने ठाउँ छुट्ट्याएको छ भने कतै चट्टानबाट पानी तपतप झरिरहेको देखिन्छ। माथि आकाशमा गगनचुम्बी द्वार प्रस्ट देखिन्छ। चट्टानकै एक खण्डमा चमेराको बथानबाट निस्किएको चिरबिरले तीर्थयात्रुलाई तरंगित बनाएको अनुभूत हुन्छ।

## गुफा प्रवेशको दायाँ-बायाँ

प्रवेशद्वारको दायाँ गुरु पद्मसम्भव सम्बद्ध 'मारातिका क्षिमे ताक्तेन क्षोलिङ गुम्बा' र बायाँ सानो नेपाली शैलीको गणेश मन्दिर स्थापित छ। गुम्बाको प्रारम्भिक निर्माण वि.सं. ०३७ मा भए पनि फेरि ०७३ मा यसलाई भत्काएर पुनः नयाँ वास्तुशैलीमा बनाएको थियो। गुम्बाभित्र मूलतः शाक्यमुनि, पद्मसम्भव, अवलोकितेश्वरका प्रतिमा प्रतिस्थापित छन् र यहाँ बौद्धशिक्षा अध्ययन-अध्यापन पनि चलिरहेको भेटिन्छ। गणेश मन्दिरमा दैनिक पूजा-आराधना साथ साँझ पुजारीबाट आरती चलिरहेको देख्न सकिन्छ।

## मञ्जुश्री ओडार

अनादिकालमा महाचीनबाट जलमग्न काठमाडौं उपत्यकाको एक कोणमा किरण छर्दै आफैं उद्भव भएका 'स्वयम्भू ज्योति'को दर्शनार्थ मञ्जुश्री बोधिसत्व यहाँ आएको पौराणिक आख्यान रहेको छ। आफ्ना शक्ति प्रयोग गरी चोभार गल्छी काटेर पानी बाहिर पठाइ राज्यव्यवस्था (राजतन्त्र) सुरु गरेको पनि अनुश्रुति नै छ। मञ्जुश्रीसम्बद्ध धेरै पक्ष अनुत्तरित नै छन्। यसैगरी, कुन परिवेशमा कसरी उनी हलेसी पुगे भन्ने सन्दर्भमा पनि कुनै प्रामाणिक उत्तर छैन। यद्यपि मञ्जुश्रीप्रति आस्थावान् ठूलै समूह रहेको छ।

हलेसी महादेव गुफाबाट केही माथि पहरोमा ध्वजापताका बीचमा मञ्जुश्री गुफा रहेको छ जहाँ भऱ्याङबाट चढ्दै प्रवेश गर्नुपर्ने हुन्छ। प्राकृतिक चट्टानी गुफामा मूलतः मञ्जुश्रीको प्रतिमा देख्न सकिन्छ।

## पूजा प्रारम्भ तथा व्यवस्थापन

हलेसी परिसरमा अवस्थित गुफा कसरी पत्ता लाग्यो भन्ने सन्दर्भमा पनि एक-दुई जनश्रुतिमध्ये जनमानसमा चलेको एक कथ्यअनुसार धेरै पहिले स्थानीय बागसिंह राई नामक व्यक्तिले आफ्नो हराएको कुकुर (?) खोज्ने क्रममा हलेसी गुफा पत्ता लागेको र यिनै बागवंशीले यहाँ पूजा-उपासना प्रारम्भ गरेको बताइएको छ। समय क्रममा यो भूभागले त्रिमत सम्प्रदायको समन्वयस्थलका रूपमा प्रसिद्धि प्राप्त गऱ्यो। पछि राजा रणबहादुर शाह शक्तिमा रहँदा यस ठाउँको धार्मिक महिमालाई आत्मसात् गर्दै धर्मकर्म-गतिविधि व्यवस्थापनका लागि गुठी राख्ने क्रम सुरु भई यसपछि पनि अरूहरूबाट थप व्यवस्था भएको देखिन्छ।

यस परिसरमा रामनवमी, शिवरात्रि, तिज, बालाचतुर्दशी आदि पर्वमा मेला लाग्ने गरेको र हाल हलेसी महादेव-पारुहाङ गुफाको पुजारी भने गिरी थरका व्यक्तिले सम्पन्न गरिरहेको देख्न सकिन्छ। तुवाचोङ हलेसीस्थित गुफा परिसर आज आध्यात्मिक शक्तिकेन्द्र र सबैको ग्राह्य धार्मिक सहिष्णुताको उदाहरणीयस्थल बन्न पुगेको छ। यहाँको विविध विकास-सुधार कार्यका लागि इ. १९९६ देखि 'हलेसी महादेव विकास समिति' कार्यरत रहेको देखिन्छ। त्रिमतको संगमभूमि तथा ढुंगेयुगको मानवपूर्वजको घर हुन सक्ने एक महत्त्वपूर्ण स्थान हो हलेसी।

---

भनिएको छ- 'हामीले बिपी कोइरालाबाट उहाँको आठ वर्षीय निर्वासनको छटपटी र मनस्थिति उहाँका कृतिहरूमा खोज्यौं। तर, 'तीन घुम्ती' र 'नरेन्द्र दाइ'ले हामीलाई नराम्रोसँग निराश गराएका छन्। यी उपन्यासहरू पढ्नलाई पूर्वाग्रह चाहिन्छ, स्वतन्त्रता होइन। यसरी अनायास चर्चित हुन आएका उपन्यासहरू, जस्तै- 'सर्पदंश', 'एकादेशकी महारानी', 'आशमाया', 'तीन घुम्ती', 'नरेन्द्र दाइ' ले नेपाली साहित्यको वर्तमानलाई पछाडि घचेट्ने काम गरेका छन्, वैचारिकता, भाषाशैली तथा अभिव्यक्तिमा पनि। अवास्तविक वर्तमानको यो आभासलाई कति बुद्धिजीवी तथा जनसाधारणले आफ्नो स्वीकारोक्ति दिएका छन् ? प्रश्न हामीबीच टड्कारै छ।

यिनै राजनीतिक दृष्टिकोणका कारणले आफुलाई परिचित गराएको, आफूले लेख्दै च्यात्दै गरेपछिको पाँचौं उपन्यास 'शिरीषको फूल'को समेत आलोचना गरिन्। तर, यसबाट आउने लाभ पनि लिई नै रहिन्। यस्तो चर्को राजनीतिक दृष्टिकोण राख्ने पारिजातले अन्ततोगत्वा २०४९ सालमा राजनीतिक दलसँगको आबद्धता नै त्यागिन्। र, मलाई पारिजातको सबैभन्दा ठूलो विडम्बनाको पाटो नै यही रह्यो भन्ने लाग्यो।

**दुई** : पारिजात वामपन्थी राजनीतिमा प्रयोग भइन्, अथवा केही वामपन्थीले आफ्नो प्रगतिशील राजनीतिक धारमा ल्याउन के-कस्तो कोसिस गरे भन्ने उदाहरण निनु चापागाईंले सुशील देवकोटाको छद्मनाममा लेखेको दोस्रो चिठीबाट प्रस्ट हुन्छ। पारिजातको कृति 'बैंसको मान्छे'को चिरफार पनि गरिएको छ। यद्यपि निनुले पछि यसलाई दुःखदायी घटनाका रूपमा लिएका छन्। निनु, निर्मल तथा मञ्जुल आदिका सल्लाहमा यो चिठी उत्तम कुँवरद्वारा सम्पादित रूपरेखामा प्रकाशित भएको थियो। 'सुश्री पारिजात'मा उद्धरण गरिएको सबैभन्दा लामो खण्ड नै निनुको सो चिठी होला। निनुको पहिलो चिठीको प्रतिक्रिया पारिजातसँग माग्ने उत्तम कुँवरले दोस्रो चिठीको प्रतिक्रिया मागे-नमागेको स्पष्ट छैन। तर, कृतिमा भनिएको छ, 'उत्तम कुँवरको एउटा सम्पादकीय निष्ठा के थियो भने उनले आफ्ना लेखकका विषयमा लेखिएका चर्का प्रतिक्रिया, आरोप र आलोचनालाई पनि उदारतापूर्वक स्थान दिन्थे। आफ्ना प्रतिष्ठित लेखक शंकर लामिछानेलाई कुमुदिनीको छद्मनामबाट आएको चिठीलाई पनि उनले प्रकाशन गरेका थिए। तर, उनको मापदण्ड थियो, मूल लेखकलाई त्यो चिठी पढ्न दिने र त्यसको प्रतिक्रिया या सफाइ पनि एकसाथ प्रकाशन गरिदिने। यसले गर्दा मूल लेखकलाई लगाइएको एकोहोरो आरोपको मात्र चर्चा भएर सेलाएपछि अर्को महिना सफाइ दिँदा हुने लेखकको तनाव र क्षति कम हुन सक्थ्यो। सफाइ प्रकाशनका लागि एक महिनासम्म कुर्नुपर्दैनथ्यो।' (पृष्ठ १५५)

> पारिजातबारे नै किन जीवनी लेखियो भन्ने जिज्ञासा मेटाउन गोविन्द भूमिकामा भन्छन्, 'उनको लोकप्रियता, उनका विषयमा हुने गरेका पक्ष-विपक्षका तर्क, उनी आफैंले सिर्जना गरेका विवाद, अनेकानेक कारणले पारिजातको जीवनी नै पहिला लेख्नुपर्छ भन्ने लाग्यो।'




**तीन** : साहित्यको बारेमा स्पष्टवक्ता तथा आलोचनाको प्रतिवाद गर्ने पारिजात भने यौनको विषयमा कुण्ठित भएर यौनशोषकसँग सीधै प्रतिकार गर्न नसकेकी एक दुर्बल महिला पनि रहिछन् भन्ने उनको यो भनाइ 'यौनसम्बन्धको अवधिभर मैले कहिल्यै पनि सुख प्राप्त गरिनँ। सहवासको क्रम सिद्धिसकेपछि म सधैं शारीरिक साथै मानसिक पीडाले शिथिल हुन्थें। ऊ स्वाभाविक उत्तेजनामा आउँदा म सधैं डर, त्रास, अपमान र दुःखले अधमरो भइरहेकी हुन्थें। र, यो कुरा मैले कहिल्यै उसलाई भनिनँ पनि। बरु छुटकाराको बाटो खोजिरहें।' यो वेदना डा. महेश मास्केलाई लेखिएको चिठीमा पोखेकी छिन्। (पृष्ठ, २५)

एकातिर मोदनाथ प्रश्रितलाई सेक्सपियररचित क्रूर पात्र साइलकसँग तुलना गरेर विवादमा उत्रन सक्ने, सुन्दरी प्रतियोगिताको विरोधमा 'यो नारीहरूको शरीरमाथि ठूलो शोषण हो' भन्ने पारिजात आफ्नै यौनको मामिलामा भने पीडकको सिकार भएर चुपचाप सहने तर तेस्रो व्यक्तिसँग वेदना पोख्ने एक अन्तर्मुखी तथा कमजोर नारीको रूपमा देखिन्छिन्। उनको अर्थमा नै उनी पटकपटक 'बलात्कृत' भइरहिन् तर त्यसको प्रतिवाद या विरोध गर्ने आँट या जमर्को कहिल्यै गरिनन्। यसको खास कारण के होला ? त्यस पीडकको त्रास ? या मनको कुनै अन्तरकुनामा लुकेको सहवासको लालचा ? या नितान्त उनको अन्तर्मुखीपन या अरू कुनै बाध्यता ?

**चार** : उदात्त तथा निडर अनि स्वतन्त्र विचारकी पारिजातले आफूलाई बाबुले उनको चिकित्सकीय पेसाका लागि प्रयोगशाला 'गिनीपिग' बनाएकोमा विरोध किन गर्न सकिनन् होला भन्ने प्रश्नले पनि पछ्याइरहन्छ। र, पारिजातलाई त्यस्तो अशक्तावस्थामा पुऱ्याउन उनका बाबु नै जिम्मेवार हुन् कि भन्ने निष्कर्षमा पनि पुग्न सकिने रहेछ।

## उपत्यकामा...

पृष्ठ १ बाट क्रमशः

भएकाले पार्कमै व्यायाम गर्न आउने गरेको पाटनका सुदन बज्राचार्यले बताए। 'सबैतिर भिडभाड मात्रै छ, दौडिनका लागि सीधा सडक छैन,' उनले भने, 'त्यसैले पार्कमा आएर शारीरिक व्यायाम गर्छु।'

पार्कमा व्यायाम गर्न आउनेमध्ये कतिपय वृद्धवृद्धा पनि छन्। घरवरपर साँघुरो भएको र सडकमा हिँड्न दुर्घटनाको डर हुने भएकाले बिहान र साँझ पार्कमै आउने गरेको पाटन मंगलबजारका ७३ वर्षीय कृष्ण महर्जनले बताए। 'घरभित्र कति बस्नु, सडकमा गाडीले हान्छ कि भन्ने डर हुन्छ, त्यसैले पार्कमै आउने गरेको छु,' उनले भने। पाटन क्षेत्रका बुढापाका साँझपखको समयमा भने पाटन दरबार क्षेत्रको डबलीमा टहलिन्छन्। कतिपय नजिकै रहेको शंखमूल पार्क, विहार र मन्दिर क्षेत्रमा आराम र ध्यान गर्न पुग्छन्।

कंक्रिटको सहर उपत्यकाभित्र काठमाडौंको गहनापोखरी, भक्तपुरको सिद्धपोखरी, ललितपुर र काठमाडौंको सीमामा रहेको शंखमूल पार्क र शंकपार्कमा बिहान र साँझपख आराम, व्यायाम र ध्यान गर्न आउनेको भिडभाड नै हुन्छ।

उपत्यकामा खुला व्यायाम केन्द्र राख्नेबारे स्थानीय तहहरूबीच प्रतिस्पर्धा चलेको छ। उनीहरूले आफ्ना नगरवासीलाई शारीरिक व्यायाम गर्न मिल्ने विभिन्न उपकरण पार्क तथा खाली ठाउँमा राखिदिएका छन्। जसमा बिहान र बेलुकीपख शारीरिक व्यायाम र आराम गर्न पुग्नेहरूको भिड लाग्छ।



नारायणचौर पार्क, नक्साल। तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

### भक्तपुरमा २३, काठमाडौंमा ६ र ललितपुरमा सात स्थानमा व्यायाम सेन्टर

काठमाडौं महानगरले ६ स्थानमा खुला व्यायामको व्यवस्था मिलाएको छ। शंखपार्क, पुष्पलाल पार्क, गहनापोखरी, चाबहिल गणेश मन्दिरनजिकै, तिलगंगास्थित बागमती नदी करिडोरलगायत ठाउँमा खुला व्यायाम गर्न सकिने उपकरण राखिएको छ। खुट्टा, ढाड, पेट, कम्मर, हात-पाखुरा आदिको व्यायाम गर्न मिल्ने १० प्रकारका उपकरण राखिएका यी ठाउँमा व्यायाम र आराम गर्न आउनेको भिड हुने गरेको छ। एक सेट उपकरणको मूल्य नौ लाख पर्ने महानगरका पूर्वाधार विभाग प्रमुख रामबहादुर थापाले बताए। 'हामीले खरिद गरेका उपकरण जर्मन प्रविधिका हुन्, लोकल उपकरण भए सस्तो पर्थ्यो,' उनले भने, 'हाल एक सेटमा १० प्रकारमा व्यायाम गर्न मिल्ने उपकरण खरिद गरेका छौं।'

महानगरले थप सात स्थानमा पनि व्यायाम उपकरण राख्ने योजना अघि सारेको छ। यो आवको कार्यक्रममा उक्त योजना समेटिएको पूर्वाधार विभाग प्रमुख थापाले जानकारी दिए। उनका अनुसार पेप्सीकोला, बालाजु पार्क, रत्नपार्क, भृकुटीमण्डप पार्क, थानकोटस्थित त्रिभुवन पार्क र शंखमूल पार्कमा व्यायाम उपकरण राखिँदै छ।

त्यस्तै, काठमाडौं महानगरले सबै पार्कमा पनि व्यायाम उपकरण राख्ने योजना अघि बढाएको छ। हाल महानगरभित्र साना-ठूला गरेर ७२ वटा पार्क छन्। यी पार्कमा मानिस दिउँसोको समयमा घुम्न र आराम गर्न आउँछन्। तर, त्यहाँ शारीरिक व्यायाम गर्ने उपकरण पनि राख्दा घुम्न आउनेले व्यायाम गर्ने र मनोरञ्जन लिन सक्ने पूर्वाधार विभाग प्रमुख थापाको भनाइ छ। उनले सबैजसो पार्कमा बालबालिकाका लागि पनि खेल्ने उपकरण राखिने बताए। हाल शंखपार्कमा बालबालिकालाई खेल्न मिल्ने उपकरण राखिएको छ। 'काठमाडौंमा व्यायाम गर्ने ठाउँको अभाव हुँदै गएको छ, त्यसकारण बिस्तारै सबैजसो पार्क र खाली ठाउँमा व्यायाम उपकरण राख्दै जान्छौं।'

ललितपुर महानगरले सात स्थानमा खुला व्यायाम केन्द्र स्थापना गरेको छ। हरिसिद्धि, बुडमती, हात्तीवन, सुनाकोठी, खोकना, धापाखेल, पुल्चोक, शंखमूलमा खुला जिम केन्द्र छ। यसबाहेक ललितपुर महानगरले जिल्लामा रहेका साना-ठूला ४७ वटा पार्कमा शारीरिक व्यायाम गर्ने उपकरण राख्ने योजना बनाएको छ।

तर, चालू आवमा बजेट भने नछुट्याइएको महानगरका जिन्सी महाशाखा प्रमुख सागर थापाले बताए। 'हामीले विभिन्न वडाले माग गरेअनुसार जिम गर्ने उपकरण गरिद गरेर पठाएका छौं,' उनले भने, 'सर्वसाधारणले बिहान र बेलुकी शारीरिक व्यायाम गर्दा स्वास्थ्यका लागि फाइदा देखिने भएकाले यसमा महानगरले चासो दिएको छ।' उनले बिस्तारै सबै वडा र पार्कमा सर्वसाधारणलाई व्यायाम गर्न मिल्ने गरी उपकरण राखिने जानकारी दिए।

भक्तपुर नगरपालिकाले १० वटै वडाका २३ स्थानमा खुला व्यायाम सेन्टर राखेको छ। नगरपालिकाले जिमशाला राखेको तीन वर्ष भयो। वडा नम्बर १ को सिद्धपोखरी, भाज्यापोखरी र नपली सिर्जनानगर, वडा २ को सहिद स्मृति खेलमैदान नपुखु, वडा ३ को भक्तपुर दरबार क्षेत्रको वंशगोपाल चोकनजिकै र टेकापोखरी, वडा ४ मा भीमसेनस्थान र पोटरी स्क्वायर तालाको नजिकै खुला व्यायाम सेन्टर छ। त्यस्तै, वडा नम्बर ५ को पाँचतले मन्दिरको दक्षिणपट्टि र भीमसेनस्थान, वडा ६ मा खचः पोखरी र च्वछें, वडा ७ मा सुकुलढोका चोरच्चा र महेश्वरी खेलमैदान, वडा ८ मा लिवाली र महेश्वरी खेलमैदान, वडा ९ मा कमलविनायक र टाउनप्लानिङस्थित विभी ब्वंग तथा वडा १० को नागपोखरी र कमलविनायक मन्दिरपरिसरमा व्यायामका लागि १० प्रकारका उपकरण राखिएको छ।

यी ठाउँमा बिहान र बेलुकी शारीरिक व्यायाम गर्न आउने स्थानीयको भिड लाग्ने गर्छ। नगरपालिकाले राखेको व्यायाम केन्द्रमा खुट्टादेखि टाउकोसम्मको व्यायाम गर्न सकिन्छ। ती उपकरण राख्न नगरपालिकाले एक सेटको तीन लाख रुपैयाँ खर्च गरेको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीका अनुसार तीन वर्षदेखि खुला जिमशाला सञ्चालनमा ल्याइएको हो। व्यायाम तथा खेल्ने उपकरण राखेपछि बालबालिकादेखि वृद्धवृद्धासम्मको आकर्षण बढेको छ। 'सहरका मानिस आ-आफ्नो कामधन्दामा व्यस्त छन्, शारीरिक व्यायाम गर्ने र शरीरलाई स्वस्थ पार्नेमा चासो दिँदैनन्,' प्रशासकीय अधिकृत गिरीले भने, 'शरीर स्वस्थ राख्न व्यायामको आवश्यकता हुने भएकाले हामीले ठाउँ-ठाउँमा व्यायाम गर्न मिल्ने उपकरण राखेका हौं।' उनका अनुसार २३ स्थानमा व्यायाम केन्द्र स्थापना गर्न करिब ६९ लाख खर्च भएको छ। नगरपालिकाले खाली ठाउँ र पार्कहरूमा व्यायाम गर्ने उपकरण थप गर्ने योजनासमेत अघि सारेको छ।

### गोदावरीको चार स्थानमा व्यायाम सेन्टर

ललितपुरको गोदावरी नगरपालिकाले गोदावरी बसपार्क क्षेत्रमा खुला व्यायाम सेन्टर खोलेको छ। वडा नम्बर ३ ले त्यहाँ व्यायामका उपकरण राखेको हो। बसपार्क क्षेत्र भएकाले खुला व्यायाम सेन्टरमा शारीरिक व्यायाम गर्न आउनेको भिडभाड हुने गरेको छ।

यसबाहेक नगरपालिकाले चापागाउँ क्षेत्रका तीन स्थानमा व्यायाम केन्द्र राखेको छ। थप व्यायाम सेन्टर राख्ने योजना रहेको नगरपालिकाका मेयर गजेन्द्र महर्जनले बताए।

### व्यायामका उपकरण : नेपाली एक सेटको चार लाख, विदेशबाट खरिद गर्दा २० लाख

उपत्यकाका स्थानीय तहहरूले फरक-फरक किसिमका व्यायाम उपकरण राखेका छन्। एउटा व्यायाम सेन्टरका लागि पूरा सेट उपकरण खरिद गर्दाको मूल्य पनि फरक-फरक छ। नेपालमा खरिद गर्दा चार लाख रुपैयाँ लाग्छ भने विदेशबाट आयात गर्दा २० लाख रुपैयाँ लाग्छ।

हाल काठमाडौं महानगरले जर्मन प्रविधिको व्यायाम उपकरण विदेशबाट खरिद गरेको छ। त्यस्तै, ललितपुर महानगरपालिका- ३ ले पनि चीनबाट उपकरण खरिद गरेको थियो। तर, केही वडाले भने नेपालमै उत्पादित व्यायाम उपकरण प्रयोग गरेका छन्। यहीं उत्पादन भएको सामान सस्तो पर्छ। हाल स्थानीय तहहरूले ९-१० प्रकारका व्यायाम गर्न मिल्ने उपकरण खरिद गरेका छन्। एउटा पूरा सेटमा १६ प्रकारको व्यायाम गर्न मिल्छ। तर, ९-१० वटा भए पुग्ने भएकाले स्थानीय तहहरूले सोहीअनुसार खरिद गर्ने गरेका छन्। उनीहरूले खरिद गरेका उपकरणहरूबाट हातखुट्टा, ढाड, कम्मर, पेट आदिको व्यायाम गर्न मिल्छ।

### स्वदेशमा जसले बनाउँछन् व्यायामका उपकरण

ललितपुर महानगरभित्र हरिगोपाल महर्जनले व्यायामका उपकरण बनाउँछन्। उनले पाइप, फलाम, रबर, तारलगायतको प्रयोग गरी उपकरण बनाउने गरेका छन्। तर, कतिपय स्थानीय तहले कच्ची हुने भन्दै सो उत्पादन खरिद गर्दैनन्।

'हामीले यहींको कच्चा पदार्थ प्रयोग गरी व्यायामका उपकरण बनाउँछौं, हामीले बनाएको उपकरण खिया लाग्ने, भाँचिने वा फुट्ने डर हुँदैन,' महर्जनले भने, 'तर उपत्यकाका स्थानीय तहले महँगोमा विदेशबाट खरिद गर्ने गरेका छन्।'

# स्थानीय जनप्रतिनिधि आएपछि काठमाडौं महानगरमा बने ५६ पार्क

## थप १६ निर्माणको चरणमा

**काठमाडौं**/ ०७४ मा स्थानीय जनप्रतिनिधि आएयता काठमाडौं महानगरपालिकाभित्र ५६ पार्क बनेका छन्। थप १६ वटा निर्माणको चरणमा छन्। निर्माणाधीन सबै पार्क चालू आर्थिक वर्षमै सम्पन्न हुने महानगरले जनाएको छ।

'बागमती र धोबीखोला क्षेत्र, जहाँ सार्वजनिक जग्गा धेरै छन्। कतिपय ठाउँमा व्यक्ति र संस्थाले अतिक्रमण गरेर निजी प्रयोगमा ल्याएका थिए। ती अतिक्रमित जग्गा मुक्त गराएर पार्क निर्माण गरेका छौं। त्यस्तै, कुलेश्वर, डल्लु, गोंगबु, सिनामंगललगायत आवास क्षेत्रमा मापदण्डअनुसार छाडिएका सार्वजनिक जग्गालाई पनि पार्कको रूपमा विकास गरेका छौं,' काठमाडौं महानगरअन्तर्गतको सार्वजनिक निर्माण विभाग प्रमुख राम थापाले भने। उनका अनुसार ०७४ मा जनप्रतिनिधि आएयता निर्माण भएका, हाल निर्माणाधीन र यो वर्ष बजेट विनियोजन गरिएका पार्कको संख्या ८४ पुगेको छ।



शंखपार्क, शंखमूल

सार्वजनिक जग्गा संरक्षण गर्ने नीति लिँदै तत्कालीन मेयर विद्यासुन्दर शाक्यको कार्यकालमा पार्क निर्माण अभियान थालिएको थियो। व्यक्ति तथा संस्थाहरूले अतिक्रमण गरेका जग्गा खाली गराएर पार्क निर्माण थालिएको हो।

### नयाँ योजनासहित ८६ पार्कमा महानगरको ७३ करोड, १५ पार्कमा ओपन जिम

निर्माण सम्पन्न भएका ५६ र हाल निर्माणकै चरणमा रहेका १६ गरी ७२ पार्कको योजना तत्कालीन मेयर विद्यासुन्दर शाक्यको पालामा बनेको हो। जसको खर्च ५५ करोड लाग्ने भएको छ। त्यस्तै, चालू आर्थिक वर्षमा थप १४ पार्क निर्माणको योजना ल्याउँदै महानगरले १८ करोड विनियोजन गरेको छ। १४ मध्ये १३ पार्कको टेन्डर पनि भइसकेको छ। यसरी कुल ८४ पार्क निर्माणमा ७३ करोड लाग्ने भएको छ। महानगरले चालू वर्षमा ल्याएको योजनाअन्तर्गत तीन ठूला पार्क असोजभित्र र बाँकी आर्थिक वर्षमा निर्माण सम्पन्न गरिसक्ने महानगरले जनाएको छ। 'साना पार्क यो आर्थिक वर्षभित्र निर्माण सम्पन्न हुन्छन्। १८, १९ र २० मा तीनै वडाभित्र पर्ने एउटा पार्क तथा १२ र ३२ वडामा ठूला पार्क निर्माण हुने भएकाले अर्को आर्थिक वर्षसम्म जान्छ,' थापाले भने।

महानगरको ४ नम्बर वडामा धुम्बाराही पार्क, ५ नम्बर वडामा बुद्ध पार्क, वडा ६ मा शान्ति नमुना पार्क र सहिद पार्क निर्माण गरिएका छन्। वडा ७ मा गौरीघाट हरियाली पार्क, वडा १० मा सप्तऋषी पार्क, वडा १४ को कुलेश्वर आवासभित्रको सार्वजनिक क्षेत्रमा कुलेश्वर बुद्ध पार्क, वडा २१ मा लगनपार्क, वडा २८ मा इच्छुमति पार्क निर्माण तथा पुनरुत्थान र पद्मकन्या क्याम्पसपरिसरमा पनि पार्क निर्माण भइसकेका छन्। थापाका अनुसार अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिसँग मिलेर विष्णुमती र बागमती सौन्दर्यकरण गर्ने कामसमेत यही वर्ष अगाडि बढाउने भएको छ। महानगरलाई हरियाली बनाउने अभियानस्वरूप साना नदी धोबीखोला, महादेव खोला, बल्लु, सामाखुसी, टुकुचालगायतको छेउछाउमा करिडोर खोल्ने र करिडोरसँगै बिरुवा रोप्ने योजना छ।

थापाका अनुसार स्थानीयबीच पार्क बनाउने कि खेलमैदान भन्ने विवाद आउने गरेको छ। खाली जग्गामा खेलमैदान बनाएर बाँकीलाई हरियाली पार्ने प्रस्ताव युवा समुदायले गर्दा वृद्धवृद्धाले भने पार्क र हरियाली मात्रै बनाउनुपर्ने आवाज उठाउने गरेका छन्। स्थानीयकै मागअनुसार पार्कमा ओपन जिमका सामग्री राखिदिने र अकुपन्चर पार्कको धारणाअनुसार विकास गरिएको उनले बताए। १५ पार्कमा ओपन जिमको व्यवस्था भइसकेको छ।

'भित्री वडाहरूमा सार्वजनिक जग्गा नै नपाउने अवस्था छ। त्यसैले जति जग्गा भेटिन्छन् त्यति नै समेटेर कम्तीमा एउटा वडामा एउटा पार्क होस् भन्ने कार्यक्रमको उद्देश्य हो,' थापाले भने।


## कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि.

कागेश्वरी मनोहरा नगरपालिका, वडा नं. ५, थलि, काठमाडौं

फोननं : ०१-४४५०१२६, ०१-४४५०७४३


**३५ दिने धितो लिलाम सार्वजनिक सूचना**

(प्रकाशित मितिः २०८०/०१/०३)

उपरोक्त सम्बन्धमा यस यस कोलमतेश्वर बचत तथा ऋण सहकारी संस्था लि. थलि कार्यलयबाट तपसिलमा उल्लेखित ऋणीहरुले उपभोग गर्नु भएको ऋण कर्जाको संस्थालाई तिर्नु बुझाउनु पर्ने सांवा, व्याज, हर्जना व्याज आदि चुक्ता भुक्तान गर्न पटक-पटक लिखित एवं मैखिक सूचना ताकेता गर्दा पनि ऋण कर्जा चुक्ताभूक्तानगर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले यो ३५दिने धितो लिलामको सार्वजनिक सूचना प्रकासित गरिएको हो।

यो सूचना प्रकाशित भएको मिति भित्र पनि कर्जा चुक्ता नगरेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा नेपाल सरकारको प्रचलितत कानून बमोजिम संस्था आफैले धितो लिलाम बिक्रि गर्ने भएकोले उक्त लिलाममा डाक बढाबड गरिलिन चाहने ईच्छुक महानुभावहरुले यो सूचना प्रकासित भएको मितिले ३६ औ दिन (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) बिहान ११ बजे यस संस्थाको कार्यालयमा उपस्थित भई आफूले सकार गर्न चाहेको मूल्यमा बोलकबोल गर्नहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

तपसिल

| ऋणीको विवरण | धितोको विवरण | जमानीकर्ता विवरण |
|---|---|---|
| १) आभाकर्ण (ऋणी)<br>ना.प्र.नं. १५१०१९/६६२<br>जारी मितिः २०६६/०१/३१<br>बाबुको नाम : लक्ष्मी नारायण दत्त<br>ससुराको नाम : सरुप नारायण लाल दास<br>ठेगाना : सिराहाजिल्ला, इनर्वा - वडा नं. ०१<br>हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार।<br> | धितोको विवरण :<br>सरुप नारायण लाल दासको बुहारी, लक्ष्मीनारायण दत्तको छोरी आभा कर्णको नाममा मालपोत कार्यालय मनमैजुमा दर्ता श्रेष्ठा कायम भएको काठमाडौं जिल्ला गोलढुंगा गा.वि.स वडा नं. ४ख कित्ता नं. २३९ को क्षेत्रफल ५ आना (१५८.९८ वर्ग मि) भएको जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत। | १) अजितकुमार कर्ण<br><br>ना.प्र.नं. ६१९/१८५४<br>जारीमिति : २०४३/०४/२९<br>बाबुको नामः सरुप नारायणलाल दास<br>बाजेको नाम : नथ्थु लाल दास<br>ठेगाना : सिराहा जिल्ला, इनर्वा - वडा नं. ०१<br>हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार।<br>ना.प्र.नं. २०१९/१६०१६<br>जारी मिति : २०७१/०३/१८<br>२. बाबुको नाम : अजितकुमार कर्ण<br>बाजेकोनाम : सरुप नारायण लाल दास<br>ठेगानाः सिराहा जिल्ला, इनर्वा-वडा नं.०१<br>हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ८, गोठाटार<br> |
| १) तिलकबहादुर भण्डारी (ऋणी)<br>ना.प्र.नं. १९७६/९४१<br>जारी मिति : २०४४/१०/२४<br>बाबुको नाम : दिलबहादुर भण्डारी<br>बाजेकोनाम : विरवत भण्डारी<br>ठेगाना : रुकुम जिल्ला, बिजयश्वरी-वडा नं. ३<br>हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ६, मुलपानी।<br> | धितोको विवरण :<br>दिल बहादुर भण्डारीको बुहारी, शशे बुद्धाथोकीको छोरी जमुना भण्डारीको नाममा मालपोत कार्यालय चावहिलमा दर्ता श्रेष्ठा कायम भएको काठमाडौं जिल्ला मुलपानी गा.वि.स वडा नं. ८ग कित्ता नं. ३०५ को क्षेत्रफल २ आना(६३.५९ वर्ग मि) भएको जग्गा घर र सो जग्गाले चर्चेको लिगलगापात समेत। | १) जमुना भण्डारी<br>ना.प्र.नं. १९९८/८२७<br>जारी मिति : २०४४/१०/२४<br>बाबुको नाम : शशे बुद्धाथोकी<br>ससुराको नाम : दिलबहादुर भण्डारी<br>ठेगाना : रुकुम जिल्ला, बिजयश्वरी- वडा नं. ३<br>हाल : कागेश्वरी मनोहरा नगरपालिका, वडा नं ६, मुलपानी।<br> |


## गृहको...

पृष्ठ १ बाट क्रमशः

कर्मचारीसँग निकटता भएका व्यक्ति हुन्। पीडितहरूलाई उनीहरूले गृहका कर्मचारी तथा नेतालाई नै भेटाएर त्यस विषयमा आश्वस्त पारेका थिए। उठाएकोमध्ये केही रकम त्यसरी उच्चपदस्थ व्यक्तिलाई दिएकोसमेत खुलेको छ। तर, त्यसलाई पुष्टि गर्नेभन्दा लुकाउनेतर्फ प्रहरी सक्रियता छ।

०७६ जेठमा गृह मन्त्रालयले भुटानी शरणार्थीको समस्या समाधानका लागि पूर्वसहसचिव बालकृष्ण पन्थीको अध्यक्षतामा कार्यदल गठन गरेको थियो। सो कार्यदल गठन हुनुभन्दा अघि नै एजेन्टहरूले भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने भन्दै पैसा उठाउन थालिसकेका थिए। जसकारण यो ठगी योजनाबद्ध र धेरै व्यक्ति संलग्न भएकाले संगठित अपराध ऐनअनुसार अनुसन्धान गर्नुपर्ने प्रहरी अधिकारीको राय भए पनि त्यसलाई सरकारी वकिलले बेवास्ता गरेको छ। साथै, भुटानी शरणार्थीको तेस्रो मुलुक पुनर्स्थापना भइसकेको अवस्थामा सो कार्यदल गठनको औचित्यमाथि समेत प्रश्न उठेको छ।

## सामुदायिकमै...

पृष्ठ १ बाट क्रमशः

सामुदायिक विद्यालयमा मात्रै नर्स छन्। नयाँ शैक्षिक सत्रमा पनि नर्स थप्ने-नथप्ने टुंगो छैन,' उनले भने, 'निजीमा नर्स अनिवार्य गर्ने त परको कुरा। निजीले आफैं व्यवस्था गर्नुपर्ने भएकाले हामीले हेर्दैनौं।'

महानगरका प्रवक्ता नवीन मानन्धर विद्यालय नर्स कार्यक्रमका लागि कार्यविधि नै नबनेकाले निजी क्षेत्रलाई समेट्न नसकेको बताउँछन्। 'नियमावली बनाएर नर्सलाई कर्मचारीको रूपमा राख्ने वा करारमा राख्ने भन्ने टुंगो नलाग्दा कार्यक्रम सञ्चालनमा ल्याउन नसकिएको हो। नयाँ शैक्षिक सत्रदेखि हरेक विद्यालयमा नर्स कार्यक्रम समावेश गर्ने प्रयास भइरहेको छ,' उनले भने।

ललितपुर महानगरमा पनि दुई सय ३७ संस्थागत विद्यालय रहेकामा केही ठूलाले मात्रै नर्स राखेको महानगरको शिक्षा शाखा प्रमुख महेन्द्रबहादुर क्षेत्रीले बताए। त्यसो त यहाँ पनि सामुदायिक विद्यालयले नै कार्यक्रम सञ्चालन गर्न सकेका छैनन्। 'एक विद्यालय एक नर्स' कार्यक्रममा समेटिने ४० सामुदायिक विद्यालयमध्ये सातवटाले मात्रै नर्स व्यवस्थापन गरेको क्षेत्रीले बताए।

त्यस्तै, बुढानीलकण्ठ नगरपालिकामा रहेका १९ सामुदायिकमध्ये १० माध्यमिक विद्यालय रहेको र जसमध्ये पनि पाँचवटामा मात्रै नर्स रहेको प्रवक्ता केदारकुमार खड्काले बताए। उनका अनुसार एक सय ४३ संस्थागत विद्यालयमध्ये ७६ मा नर्स कार्यक्रम लागू भएको छ। यसबाहेक गोकर्णेश्वर नगरपालिका र भक्तपुर नगरपालिकाले समेत सामुदायिक विद्यालयमै कार्यक्रम पूर्ण लागू गर्न सकेका छैनन्।

'जनशक्ति व्यवस्थापन राम्रो नभएका संस्थागत विद्यालयमा नर्स कार्यक्रम सञ्चालनमा ल्याउन सकिएको छैन, विशिष्टकृत श्रेणी र ए लेभलका अधिकांश विद्यालयमा भने कार्यक्रम लागू भएको छ,' प्याब्सन अध्यक्ष डिके ढुंगानाले भने, 'विद्यालयको संस्थागत विकासका लागि शिक्षकबाहेकको अतिरिक्त जनशक्तिबारे प्याब्सनले अध्ययन रिपोर्ट तयार गरिरहेको छ, आगामी वर्षदेखि नर्स कार्यक्रम पूर्णतः लागू गर्ने प्रयास हुँदै छ।'

विद्यार्थीको समग्र स्वास्थ्यलाई प्राथमिकतामा राख्दै विद्यार्थीको उपचारका लागि नर्स राख्ने व्यवस्था र निजी विद्यालयको हाताभित्र जंकफुड, गुलियो पेयपदार्थ पूर्ण रूपमा निषेध गरिने व्यवस्था सरकारले गरेको थियो।

## नयाँ वर्षको दिन फुल्ने फूल हेर्न घुइँचो



लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको लहान नगरपालिका १२ र २२ स्थित सलहेश फूलबारीमा हरेक वर्ष १ वैशाखमा फुल्ने फूल हेर्न लाग्ने मेलामा शुक्रबार दर्शनार्थीको भिड लाग्यो। नयाँ वर्षको फूलबारीको मध्यभागमा मालिनीको गहवर (मन्दिर) सँगै रहेको हारमको रूखमा एक दिन मात्र फुल्ने विश्वास गरिएको माला आकारमा देखिने सुनाखरी प्रजातिको फूल हेर्न झापा, सुनसरी, मोरङ, सप्तरी, सिराहा, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सालगायतका जिल्लाबाट आएका दर्शनार्थीको मेलामा भिड लागेको हो।

मेलामा छिमेकी मुलुक भारत बिहारको सहरसा, सुपौल, पूर्णिया, दरभंगा, पटनासम्मका दर्शनार्थीसमेत आएका थिए। आफ्नो क्षेत्रमा लोकनायकको रूपमा पुजिने सलहेश र प्रेमिका मालिनीको प्रेम प्रतीकको रूपमा लिइने सुनाखरी फूलको माला हेर्न हरेक वर्षको नयाँ वर्षको दिन छिमेकी भारत र स्वदेशका हजारौं मानिसको भिड लाग्ने गर्दछ।

सलहेश गाथामा उल्लेख गरिएअनुसार फूलबारीधाम जिल्ला सदरमुकामसमेत रहेको सिराहा नगरपालिका- ७ मा पर्ने महिसोथामा जन्मिएका लोकनायक सलहेशको प्रणयस्थल थियो। किंवदन्तीअनुसार महिसोथाबाट हात्ती चढेर सलहेश लहान गोविन्दपुरमा पर्ने माणिकदहमा स्नान गरी फूलबारीधाममा आएर फूल टिपी महिसोथामा पुगेर पूजाअर्चना गर्थे। तेह्रौं शताब्दीका लोकनायक सलहेश र विराट राजाकी छोरी मालिनीबीच प्रगाढ प्रेमसम्बन्ध रहेको भए पनि प्रेम असफल भएपछि सलहेशको प्रतीक्षा गर्दै मालिनी मालाको रूपमा १ वैशाखमा फुल्ने जनविश्वास रहेको सलहेश गहवरका पुजारी ४७ वर्षीय इन्द्रदेवसिंह धामी बताउँछन्।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २ वैशाख ०८०

# राजस्व संकलनभन्दा २३ अर्ब बढी चालू खर्च

## चालू आवको नौ महिनामा २८ प्रतिशत मात्रै पुँजीगत खर्च, लक्ष्यअनुसार राजस्व संकलन नहुँदा सरकारलाई खर्च धान्न धौधौ

**कृष्ण रिजाल** / नयाँ पत्रिका

सरकारले संकलन गरेको राजस्वले चालू खर्चसमेत धान्न मुस्किल भएको छ। चालू आर्थिक वर्षको नौ महिनामा सरकारले ६ खर्ब ८३ अर्ब राजस्व संकलन गरेको छ। जुन चालू खर्चभन्दा २३ अर्बले कमी हो। चैत मसान्तसम्ममा सरकारले सात खर्ब ६ अर्ब चालू खर्च गरिसकेको छ।

लक्ष्यअनुसार राजस्व संकलन नहुँदा सरकारलाई खर्च धान्न समस्या परिरहेको छ। यो नौ महिनामा सरकारले लक्ष्यको ४८.७३ प्रतिशत अर्थात् ६ खर्ब ८३ अर्ब ८० करोड रुपैयाँ राजस्व संकलन गरेको छ। त्यसमध्ये कर राजस्व ६ खर्ब १६ अर्ब र गैरकर राजस्व ६७ अर्ब ६८ करोड रुपैयाँबराबर हो। त्यस्तै, अनुदानतर्फ लक्ष्यको ८.६६ प्रतिशत अर्थात् चार अर्ब ८० करोड प्राप्त भएको छ। यस वर्ष ५५ अर्ब ४५ करोड अनुदान प्राप्तिको लक्ष्य राखिएको थियो।

यस अवधिमा सरकारले राजस्व, अनुदान तथा अन्यसमेत गरी कुल सात खर्ब २४ अर्ब ४७ करोड आम्दानी गरेको छ। तर, कुल खर्च भने नौ खर्ब ४३ अर्ब पुगिसकेको छ। आम्दानीबाट नपुग खर्चलाई सरकारले ऋणबाट पूर्ति गर्दै आएको छ।

### ■ किन घट्यो राजस्व ?

सरकारले गएको आर्थिक वर्षको तुलनामा एक खर्ब पाँच अर्ब कम राजस्व संकलन गरेको छ। हालसम्म सरकारले वार्षिक लक्ष्यको ४८.७३ प्रतिशत अर्थात् ६ खर्ब ८३ अर्ब राजस्व संकलन गरेको छ। जबकि अघिल्लो आवको सोही अवधिमा सरकारले वार्षिक लक्ष्यको ६६.८५ प्रतिशत अर्थात् सात खर्ब ८९ अर्ब राजस्व संकलन गरिसकेको थियो। राजस्वमा आएको क्षयीकरण ऐतिहासिक भएको पूर्वसचिव खनाल बताउँछन्। अघिल्लो वर्षको तुलनामा राजस्व घटेको घटना साढे पाँच दशकयताकै पहिलो भएको उनले बताए। आर्थिक वृद्धि साढे ४ प्रतिशत हाराहारी हुने अनुमान भइरहेका बेलासमेत राजस्व घट्नु असामान्य भएको उनले बताए। अघिल्लो वर्षमा



भएको गलत गतिविधि तथा नीतिका कारण अहिले पनि राजस्वमा क्षयीकरण भइरहेको उनले बताए।

### ■ ठेकेदारको ६० अर्बभन्दा बढी भुक्तानी बाँकी

सरकारले ठेकेदार कम्पनीहरूलाई पनि ६० अर्ब रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्न बाँकी रहेको निर्माण व्यवसायीहरूले बताएका छन्।

काम सम्पन्न भएर पनि भुक्तानी पाउन नसकिएको रकम अझ बढ्दै गएको निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताए। 'हामीले काम सकेर पनि ६० अर्बभन्दा बढी रकम भुक्तानी पाउन सकेका छैनौं,' उनले भने, 'सरकारले समयमै भुक्तानी दिए आन्तरिक अर्थतन्त्रसमेत चलायमान हुने थियो।'

सरकारसँग स्रोत नभएकै कारण निर्माण व्यवसायीलाई भुक्तानी गर्न नसकिएको सरकारी अधिकारीहरू नै बताउँछन्। 'पैसा भए न भुक्तानी दिने हो, राजस्व संकलनको अवस्था यस्तै रहे तलब-भत्ता खुवाउनसमेत गाह्रो हुने देखिएको छ,' अर्थ मन्त्रालयका एक अधिकारीले भने, 'आन्तरिक ऋण उठाएर वा अन्य स्रोत परिचालन गरेरै भए पनि भुक्तानी गर्नुपर्ने हुन्छ।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

### ■ चालू खर्च ६० प्रतिशत, पुँजीगत २८ प्रतिशत मात्रै

स्रोतमा चाप भोगिरहेको सरकारको खर्चको सन्तुलनसमेत कमजोर देखिन्छ। चालू खर्च नियमित भइरहेको देखिन्छ भने पुँजीगत खर्च निकै कम भएको छ। यो नौ महिनामा सात खर्ब ६ अर्ब ७६ करोड चालू खर्च भइसकेको छ। जुन कुल चालू बजेट ११ खर्ब ८३ अर्ब बजेटको ५९.७३ प्रतिशतबराबर हो। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारले कुल चालू बजेटको ५८.७२ प्रतिशत अर्थात् ६ खर्ब २५ अर्ब ५० करोड खर्च गरेको थियो।

आर्थिक वर्षको नौ महिना बितिसक्दासमेत पुँजीगत खर्च भने लक्ष्यको एकचौथाई हाराहारी मात्रै पुगेको छ। यस वर्ष सरकारले पुँजीगततर्फ तीन खर्ब ८० अर्ब बजेट विनियोजन गरेको थियो। हालसम्म विनियोजित पुँजीगत बजेटको २८.१९ प्रतिशत अर्थात् एक खर्ब सात अर्ब २४ करोड खर्च भएको देखिन्छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा सरकारले कुल पुँजीगत बजेटको २७.४५ प्रतिशत अर्थात् एक खर्ब तीन अर्ब खर्च गर्न सकेको थियो।

### ■ पुँजीगततर्फ कुन महिना कति खर्च भयो ?

| चालू आवका महिना | मासिक पुँजीगत खर्च (रुपैयाँमा) | मासिक खर्च प्रतिशत |
|---|---|---|
| साउन | १ अर्ब ४८ करोड | ०.३९ प्रतिशत |
| भदौ | ४ अर्ब ३८ करोड | १.१ प्रतिशत |
| असोज | १३ अर्ब ८२ करोड | ३.६८ प्रतिशत |
| कात्तिक | ६ अर्ब ६१ करोड | १.७४ प्रतिशत |
| मंसिर | ७ अर्ब ७० करोड | २.०३ प्रतिशत |
| पुस | १९ अर्ब ४६ करोड | ५.११ प्रतिशत |
| माघ | १२ अर्ब ८४ करोड | ३.३८ प्रतिशत |
| फागुन | १७ अर्ब ९६ करोड | ४.७२ प्रतिशत |
| चैत | २२ अर्ब ९९ करोड | ६.०४ प्रतिशत |
| चैतसम्मको कुल पुँजीगत खर्च र प्रतिशत | १ खर्ब ७ अर्ब २४ करोड | २८.१९ प्रतिशत |

*स्रोत : महालेखा नियन्त्रक कार्यालय*

### बाह्य क्षेत्र सन्तुलनका लागि लिएको नीतिले राजस्व घट्यो




● **प्रा.डा. शिवराज अधिकारी**, प्रमुख, केन्द्रीय अर्थशास्त्र विभाग, त्रिभुवन विश्वविद्यालय

अहिले राजस्व संकलनले चालू खर्चसमेत धान्न नसकिने अवस्था आएको छ। गएको वर्षभन्दा पनि राजस्व घटेको छ। यो स्थिति ठीक होइन। खासगरी सरकारले अर्थतन्त्रको बाह्य क्षेत्र सुधारका लागि लिएको आयात रोक्ने नीतिले राजस्व संकलनसमेत प्रभावित भएको थियो। आयात रोक्ने नीति ठीक थियो, तर तरिका ठीक थिएन। वास्तवमा आयातलाई मूल्यले निरुत्साहन गर्नुपर्ने थियो न कि परिमाणले। आयात रोकेपछि अनौपचारिक तरिकाले वस्तु भित्रियो। त्यसले एकातर्फ हाम्रो राजस्व गुम्यो भने अर्कोतर्फ चोरी-निकासी बढायो। अहिले आन्तरिक अर्थतन्त्रसमेत चलायमान हुन सकेको छैन। सरकारले चोरी-निकासी रोक्ने, चुहावट कम गर्ने, अर्थतन्त्रलाई चलायमान बनाउने नीति लिनुपर्छ। आशा जगाउने कामसमेत गर्नुपर्छ।

---

पर्यटनमा दशकको फड्को

# दुई अन्तर्राष्ट्रिय एयरपोर्ट थपिए, पर्यटक दोब्बरले बढे



**नवीन अर्याल** / नयाँ पत्रिका

बितेको एक दशकमा पर्यटन क्षेत्रले सन्तोषप्रद फड्को मारेको देखिएको छ। ठूला पर्यटन पूर्वाधार थपिएका छन् भने पर्यटकको संख्या झन्डै दोब्बरले नै बढेको छ। अन्य क्षेत्रमा जस्तै भूकम्प, नाकाबन्दी, कोभिड र रसिया-युक्रेन युद्धले पर्यटन क्षेत्र प्रभावित भएको देखिन्छ। यद्यपि, दशकको उपलब्धि भने सन्तोषप्रद हुने सरोकारवाला बताउँछन्।

यो अवधिमा आठ लाख तीन हजार ९२ पर्यटक नेपाल भ्रमणमा आएका थिए। पर्यटकको बसाइ अवधि १२.८७ दिन रहेको थियो भने पर्यटनबाट प्राप्त आय ३० अर्ब ७० करोड ३८ रुपैयाँ रहेको थियो। प्रतिपर्यटक आय ३८ हजार दुई सय ३० रुपैयाँ, प्रतिपर्यटक प्रतिदिन खर्च दुई हजार नौ सय ७० रुपैयाँ थियो भने कुल जिडिपी १७ खर्ब एक अर्ब १९ करोड रुपैयाँमा पर्यटन क्षेत्रको योगदान १.८ प्रतिशत रहेको थियो। प्रत्यक्ष रोजगारी एक लाख ६० हजार रहेको थियो भने नेपालमा नियमित उडान गर्ने अन्तर्राष्ट्रिय विमान सेवा २६ रहेको थियो।

सन् २०२२ (०७८ पुस १६ देखि ०७९ पुस १६ सम्म) विभिन्न देशबाट ६ लाख १४ हजार पर्यटक नेपाल भित्रिएका छन्। यस्तै, सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ पर्यटक भित्रिएको तथ्यांक छ।

सन् २०१९ मा इतिहासकै सबैभन्दा धेरै करिब १२ लाख पर्यटक नेपाल भित्रिएका थिए। तर, सन् २०२० को सुरुवातदेखि नै कोभिड महामारी फैलिन थालेपछि पर्यटक आगमन करिब ८१ प्रतिशतले घटेर दुई लाख ३० हजार ८५ मा झऱ्यो। सन् २०२१ मा यो संख्या अझै ३४.३ प्रतिशतले घटेर एक लाख ५० हजार नौ सय ६२ मा खुम्चियो। यो संख्या सन् १९७७ पछिकै सबैभन्दा न्यून हो। सन् २०२१ मा विदेशी पर्यटकबाट प्राप्त भएको विदेशी मुद्रा आर्जन १३ अर्ब ५० करोड ११ लाखमा खुम्चियो। तर, पर्यटकको औसत बसाइ १५.५ दिन र प्रतिदिन प्रतिपर्यटक खर्च ४८ डलर पुग्यो।

### ■ होटेल क्षेत्रमा के उपलब्धि ?

०६९ पुससम्म देशभर तारेस्तरका होटेल एक सय सात रहेका थिए भने बेड संख्या नौ हजार तीन सय ७१ थिए। यस्तै, तारेबाहेकका होटेल संख्या सात सय ४६ रहेका थिए भने बेड संख्या २२ हजार दुई सय ८६ रहेका थिए। तारे र तारेबाहेकका कुल होटेल संख्या आठ सय ५३ रहेको थिए भने कुल बेडसंख्या ३१ हजार ६ सय ५७ रहेका थिए।

०७८ पुसम्म आइपुग्दा देशभर तारे र तारेबाहेकका कुल होटेल १३ सय ४५ र बेड संख्या ४८ हजार चार सय १२ पुगेका छन्। जसमध्ये तारेस्तरका होटेल संख्या एक सय ६२ र शैय्या संख्या १५ हजार सात सय ७५ तथा तारेबाहेकका होटेल ११ सय ८३ र बेड संख्या ३२ हजार ६ सय ३७ रहेका छन्। ०७९ चैतसम्म आइपुग्दा देशभर पाँचतारे होटेलको संख्या १९ पुगेका छन्। जसमा कोठा संख्या दुई हजार आठ सय ७७ र बेडसंख्या ४५ सयभन्दा बढी पुगेका छन्।

### ■ विदेशी लगानी औसत

०६८ पुसदेखि ०६९ पुससम्म एक वर्षमा दुई सय ४६ उद्योग-परियोजनामार्फत १० अर्ब ४६ करोड ४० लाख रुपैयाँ विदेशी लगानीको प्रतिबद्धता आएको थियो। यी परियोजनाले ११ हजार एक सय ४७ जनालाई रोजगारी दिने प्रतिबद्धता जनाएका थिए।

०७८ पुसदेखि ०७९ पुसम्म एक वर्षमा एक सय ८५ परियोजनामार्फत २६ अर्ब ६ करोड १४ लाख रुपैयाँ विदेशी लगानीको प्रतिबद्धता आएको छ। यी परियोजनाले नौ हजार नौ सय ११ जनालाई रोजगारी दिने प्रतिबद्धता जनाएका छन्।

### ■ तीन सय ९४ परियोजना दर्ता

०६८ फागुनदेखि ०६९ फागुनसम्म स्वदेशी तथा विदेशी लगानीका तीन सय ९४ परियोजना दर्ता भएका छन्, जसमा कुल पुँजी प्रतिबद्धता एक खर्ब १८ अर्ब आठ करोड ७२ लाख रुपैयाँ रहेको छ भने कुल रोजगारी प्रतिबद्धता २५ हजार एक सय तीन रहेको छ।

०७८ फागुनदेखि ०७९ फागुनसम्म एक वर्षमा स्वदेशी तथा विदेशी लगानीका दुई सय ९३ उद्योग दर्ता भएका छन्, जुन उद्योगमा दुई खर्ब ७० अर्ब ५३ करोड कुल पुँजी र रोजगारी प्रतिबद्धता २२ हजार दुई सय ९७ रहेको छ।

### ■ एयरपोर्ट कति थपिए ?

०७० को दशकमा नेपालमा दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल थपिएका छन्। करिब ३१ करोड लगानीमा भैरहवामा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ भने अमेरिकी डलरको अहिलेको विनिमय दरअनुसार करिब २८ अर्ब लगानीमा पोखरामा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ।

अन्तर्राष्ट्रिय उडानका लागि नेपाल वायुसेवा निगमले दुईवटा एयरबस ३३० र दुईवटा एयरबस ३२० जहाज भित्र्याएको छ। यही दशकमा निगमले अन्तर्राष्ट्रिय उडान गर्ने दुईवटा बोइङ बिक्री गरेको छ। ०७० को दशकमै हिमालय एयरलाइन्स स्थापना भई विभिन्न देशमा अन्तर्राष्ट्रिय उडान सुरु गरेको छ भने बुद्ध एयरले पनि यही दशकमै अन्तर्राष्ट्रिय उडानको अनुमति पाएर भारतको बनारस र कोलकातामा अन्तर्राष्ट्रिय उडान गर्दै आइरहेको छ। ०७० कै दशकमा काठमाडौं, पोखरासहित तराईका विभिन्न नौ विमानस्थलमा रात्रिकालीन उडान सुरु भएको छ।

---

# साढे तीन वर्षअघि सम्पन्न हुनुपर्ने पक्की पुलको निर्माणले अझै गति लिएन

## काभ्रे र मकवानपुर जोड्न बागमती नदीमा बन्ने पुलको निर्माण अति सुस्त, ६ वर्षमा एउटा पिलर बन्यो

काभ्रेमा **इन्द्रबहादुर थापा**

सम्झौताअनुसार समयमै काम सकिएको भए साढे तीन वर्षअघि नै काभ्रेको खानीखोला गाउँपालिका र मकवानपुरको बागमती गाउँपालिका जोड्ने पक्की पुल बनिसकेको हुन्थ्यो। तर, काममा ढिलासुस्ती हुँदा साढे तीन वर्षअघि नै सम्पन्न हुनुपर्ने पुलको प्रगति करिब १० प्रतिशत मात्रै छ। निर्माण थालिएको ६ वर्षसम्म जम्मा एउटा पिलर मात्रै ठड्याइएको छ। समयमै पुल नबन्दा स्थानीयले दुःख पाएका छन्।

काभ्रे जिल्लाको खानीखोला गाउँपालिका-५ र मकवानपुर जिल्लाको बागमती गाउँपालिका-५, सिक्रेदोभानको पक्की पुल निर्माणका लागि ३० असार ०७४ मा ठेक्का सम्झौता भएको थियो। जम्मा एक सय १५ मिटर लम्बाइको पक्की पुल निर्माणका लागि महावीर/शिखर/तामाकोसी जेभी कम्पनीले ठेक्का पाएका थिए। उक्त पुल ३० भदौ ०७६ मा सम्पन्न गर्ने गरी सम्झौता भएको थियो। तत्कालीन जिल्ला विकास समितिको कार्यालय मकवानपुरबाट ०७३ मा बोलपत्र आह्वान भएर पुल निर्माण कार्य अगाडि बढेको थियो।

'तत्कालीन जिविसबाट ठेक्का आह्वान गरेर पुल निर्माण सुरु गर्दै गर्दा ठेकेदार थाहा नगरपालिकामा उपमेयर उठे र जिते पनि। त्यसपछि केही दिन विजयजुलुस र शुभकामना थाप्दैमा ठिक्क भयो,' खोनीखोलाका स्थानीय रमेश तिमल्सिनाले भने, 'त्यसपछि ठेक्का लगाउने जिविस खारेज भएर जिल्ला समन्वय समिति बन्यो। ठेक्काको पैसा कसले दिने भन्नेमा अन्योल भयो। करिब १० प्रतिशत काम भएको छ, तर अहिलेसम्म रकम नपाएको सुन्नमा आएको छ।'

भुक्तानीका कारण निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी महावीर/शिखर/तामाकोसी जेभीले जनाएको छ। माटो परीक्षण गर्दाको वस्तुगत स्थिति र इन्जिनियरको डिजाइन मेल नखाँदा पनि काम गर्न असहज भएकाले पुल निर्माण कार्य ढिलाइ भएको निर्माण कम्पनीका प्रतिनिधिले जानकारी दिए।



सिक्रेदोभानमा बागमती खोलाको किनारसम्म दुवै जिल्लातर्फबाट कच्ची सडक पुगेको छ। तर, पुल नबन्दा त्यहाँका स्थानीयले सास्ती भोग्नुपरेको छ। पुल नबन्दा खानीखोला गाउँपालिकाको समृद्धि नै रोकिएको गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङ 'छिन्ताङ'ले बताए। उक्त पुल खानीखोलाका स्थानीयको दैनिक जीवनसँग जोडिएकाले तत्काल निर्माण हुनुपर्नेमा थिङको भनाइ छ। 'सिक्रेदोभानको बागमतीको पुलसँग खानीखोला गाउँपालिकाको दैनिक जीवन जोडिएको छ। यहाँका स्थानीयले नुनदेखि सुनसम्म हेटौंडाबाट ल्याउने गर्छन्। यहाँका जनतालाई सुख दिन पुल बन्नुपर्छ,' पालिका अध्यक्ष थिङले भने, 'तत्काल समस्याको समाधान गरेर पुल निर्माणमा लाग्नुपर्छ।'

उक्त पुल बन्दा खानीखोला मात्र नभएर महाभारतका गाउँपालिकाका स्थानीयलाई पनि सहज हुने पालिका अध्यक्ष थिङले बताए। उक्त पुल बनेपछि स्थानीय उत्पादनलाई बजार लान पाउने र बजारबाट उपभोग्य वस्तुहरू आयात गर्न पाउँदा स्थानीयको जीवनस्तर उक्सने थिङले बताए। उक्त पुलले प्रदेश राजधानी हेटौंडा दुई घन्टामै पुग्ने उनले बताए। पुल बनेमा स्थानीय उत्पादनले बजार पाउने, खाद्यान्न ढुवानी, आकस्मिक उपचार सेवालगायतमा सहज हुनेछ।

---

# सुपर दोर्दी 'ख'को ५४ मेगावाट विद्युत् असारबाट राष्ट्रिय ग्रिडमा थपिँदै

लमजुङमा **शान्त कमली**

लमजुङको दोर्दी खोलामा निर्माणको अन्तिम चरणमा रहेको ५४ मेगावाटको सुपर दोर्दी 'ख' जलविद्युत् आयोजनाको विद्युत् असारबाट राष्ट्रिय ग्रिडमा थपिने भएको छ। पिपुल्स हाइड्रोपावर कम्पनीले निर्माण गरिरहेको आयोजनाले ०८० साल असारभित्र आयोजनाबाट विद्युत् उत्पादन थाल्ने तयारी थालेको हो।

जलविद्युत् आयोजनाको हालसम्म ९६ प्रतिशत काम पूरा भएको आयोजना निर्देशक अर्जुन गौतमले बताए। आयोजनाको बाँध, विद्युतगृह, सुरुङमार्ग निर्माण, उपकरण जडानलगायतका काम सम्पन्न भएको गौतमको भनाइ छ। आयोजनाबाट यसअघि ०७८ फागुनभित्र उत्पादन गर्ने लक्ष्य थियो। गत असार १ गते दोर्दी खोलामा आएको भीषण बाढीले पहुँच सडक तथा आयोजनाको संरचनामा ठूलो क्षति पुऱ्याउँदा तालिका प्रभावित भएको हो।

आयोजनाले प्रसारण लाइनसमेत आफैं निर्माण गरेको छ। ०७६ फागुनदेखि विद्युत् उत्पादन गर्ने सुरुवाती तालिका भए पनि भूकम्प, नाकाबन्दी, दोर्दी खोलाको बाढी र कोरोनाको असरले निर्माण प्रभावित हुँदा पछाडि धकेलिएको आयोजनाका निर्देशक गौतमले बताए। बाढीका कारण पुगेको क्षतिका कारण आयोजना थप डेढ वर्षपछि धकेलिन पुगेको आयोजना निर्देशक गौतम बताउँछन्।



लमजुङको दोर्दी गाउँपालिका-६, ढोडेनीमा निर्माणाधीन उक्त जलविद्युत् आयोजनाको अधिकांश पूर्वाधार संरचना भूमिगत रूपमा बनेका छन्।

आयोजनाको विद्युतगृहसमेत भूमिगत रहनेछ। कुल आठ अर्ब ८० करोड रुपैयाँमा निर्माण सम्पन्न गर्ने गरी लागत अनुमान गरिएको थियो। तर, आयोजना अवधि लम्बिएसँगै लागत पनि बढ्न सक्ने आयोजनाले जनाएको छ। आयोजना निर्माणमा सानिमा बैंकको अगुवाइमा विभिन्न सातवटा बैंकले पाँच अर्ब ८० करोड लगानी गरेका छन्। आयोजनाले सुक्खायाममा आठ रुपैयाँ ४० पैसा र वर्षायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् खरिद गर्ने (पिपिए) सम्झौता भएको छ। ०७१ सालमा नेपाल विद्युत् प्राधिकरण र आयोजनाबीच पिपिए सम्झौता भएको थियो।

आयोजनाबाट उत्पादित हुने बिजुली दोर्दी करिडोर प्रसारण लाइनको कीर्तिपुर सबस्टेसन ल्याएर जोडिनेछ। आयोजनाको ०७२ सालमा विद्युत् खरिद सम्झौता (पिपिए) भएको हो। आयोजनाको ०७३ असारबाट निर्माण कार्य सुरु भएको थियो। पानीको बहाबमा आधारित यो आयोजनाको कुल ग्रस हेड ६ सय ४० मिटर रहनेछ भने वार्षिक करिब ३१ करोड ५० लाख युनिट विद्युत् उत्पादन हुनेछ। आयोजनाको निर्माण थाल्दा ४९.६ मेगावाट भनिए पनि हाल त्यो बढेर ५४ मेगावाट पुगेको छ। दोर्दी खोलामा निर्माणाधीन सुपर दोर्दी 'ख' जलविद्युत् आयोजना मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनापछिको सबैभन्दा ठूलो आयोजना हो।

०७९ मा खेलकुद

# विवाद सँगसँगै सफलता

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

नयाँ वर्षको आगमनमा धेरैले संकल्प लिने गर्छन् । नराम्रो पक्ष त्याग्ने र राम्रो मात्र अनुसरण गर्ने । नेपालको खेलकुदमा पनि हरेक वर्ष यस्तै हुने गर्छ । नयाँ वर्षसँगै नयाँ ढाँचा र विवादरहित रूपमा अगाडि बढ्ने सम्बन्धित निकाय र पदाधिकारीले संकल्प लिन्छन् । तर, उनीहरूले यी दुईमध्ये एक पनि वाचा पूरा गर्न सक्दैनन् । राम्रोभन्दा पनि नराम्रो पक्षकै कार्यप्रति लालायित हुन्छन् । गत वर्ष पनि खेलकुदमा यस्तै देखियो । नेपालका प्रमुख खेलहरूमा विवाद देखियो । राष्ट्रिय खेलकुद परिषद्मा दुई सय १० संघ-संस्था भए पनि केही संघले मात्र सक्रियता देखाए । यसमा फुटबल र क्रिकेट नै अगाडि भए । तर, यो खेलमा पदाधिकारीहरूबीचको आन्तरिक विवाद सतहमै पुग्यो । गत वर्ष केही खेलाडीले घरेलु भूमिमा राष्ट्रिय रेकर्ड बनाए । कतिले अन्तर्राष्ट्रिय क्षेत्रमै ऐतिहासिक प्रदर्शन गर्न भ्याए । समग्रमा गत वर्षको नेपालको खेलकुद यस्तो रह्यो :

## क्रिकेटमा सफलता र विवाद

गत वर्ष क्रिकेटमा ख्याति र विवाद समानान्तर रूपमा देखिए । क्यानभित्रको पदाधिकारीबीचको आन्तरिक द्वन्द्व, नेपाल टी-२० लिगको फिक्सिङ र पूर्वकप्तान सन्दीप लामिछानेविरुद्धको बलात्कार मुद्दाको सामाचार वर्षको प्रारम्भिक चरणमा नेपालको क्रिकेट अन्तर्राष्ट्रियस्तरमै पुगेको थियो । भारतीय नागरिक मनोज प्रभाकरले मुख्य प्रशिक्षकबाट राजीनामा दिनु र अर्का भारतीय मोन्टी देसाईको आगमनपछि नेपालको क्रिकेटमा काँचुली नै फेरियो । वर्षको अन्त्यतिर नेपाली पुरुष क्रिकेट टोलीले आइसिसी विश्वकप लिग-२ मा सनसनीपूर्ण खेल प्रदर्शन गरी सबै विवादित पक्षलाई मेटाउने प्रयास गऱ्यो ।

नेपालले विश्वकप लिग-२ मा अन्तिम १२ मध्ये ११ खेलमा सानदार जित निकाली जिम्बाबेमा हुने ग्लोबल एकदिवसीय विश्वकप छनोटमा स्थान पक्का गऱ्यो । नेपाल पहिलोपटक विश्वकपको ग्लोबल छनोटमा पुग्यो । मुख्य प्रशिक्षकका रूपमा देसाईले नेपालको भाग्य नै परिवर्तन गरेको भन्दा फरक नपर्ला । एक किसिमले भन्दा देसाईले नेपालको क्रिकेटमा भरिपूर्ण जादु नै भरिदिए । लगभग जित्ने बानी बिर्सेका नेपाली क्रिकेटरले फागुन र चैत महिनाभित्र एकपछि अर्को खेलमा सनसनीपूर्ण सफलता हात पारे । जसको तारिफ अहिले सबैले गरिरहेका छन् ।

देसाईले कार्यभार सम्हाल्नुअघि नेपालको विश्वकप छनोटको कुरा एका देशको कथाझैं भइसकेको थियो । अझ त्यसमाथि पनि नेपालको एकदिवसीय मान्यतासमेत धरापमा थियो । मोन्टीको आगमनसँगै नेपाली क्रिकेटले विश्वकपको ग्लोबलमा पुग्ने सपना पूरा गऱ्यो । सँगसँगै चार वर्षका लागि एकदिवसीय मान्यतासमेत रक्षा गऱ्यो । रमाइलो पक्ष रह्यो भने, त्रिवि क्रिकेट मैदानमा नेपालले विश्वकपको ग्लोबल छनोटमा स्थान सुरक्षित गरेसँगै क्रिकेटमा देखिएका विवाद सबैले बिर्सिए ।

यो सफलता प्राप्त गर्नुअघिसम्म नेपाली क्रिकेटर समर्थकले क्यान, नेपाल टी-२० लिग तथा आन्तरिक विवादविरुद्ध विभिन्न सोसल मिडियामा टीका-टिप्पणी गरिरहेका थिए । युएईलाई डकवर्थ लेविस आधारमा पराजित गरेलगत्तै त्रिवि मैदानमा करिब २० हजार दर्शकले पुराना नराम्रा पक्षहरूलाई चटक्कै भुले । हजारौं समर्थकले नेपाली क्रिकेटरको सफलतामा नाचेनन्, उनीहरू यसमै हर्ताैंसम्म रमाए । विश्वकपको ग्लोबल छनोटमा अब नेपालले कम्तीमा टेस्ट मान्यताप्राप्त राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्ने अवसर पाएको छ ।

सिनियर क्रिकेट टोलीले विश्वकप खेल्न सपना बाँडेको केही हप्ताअगाडि यू-१९ टोलीले आठ वर्षपछि उमेर समूहको विश्वकपमा स्थान सुरक्षित गरेको थियो । संयोग कस्तो रह्यो भने नेपालले युएईलाई हराउँदै अर्को वर्ष श्रीलंकामा हुने यू-१९ विश्वकपमा स्थान पक्का गऱ्यो ।

क्रिकेटको सर्वोच्च निकाय क्यान आफैंले नेपाल टी-२० लिग गर्ने घोषणा गऱ्यो । क्यानले यसको सबै जिम्मेवारी भारतीय सेभेन श्री स्पोर्टस्लाई दिएको थियो । निकै तामझामका साथ क्यानले नेपाल टी-२० फ्रेन्चाइज लिग त गऱ्यो, तर यसले क्रिकेटमा एक किसिमको कालो धब्बा नै लगायो । यसमा म्याच फिक्सिङ र स्पष्ट फिक्सिङ खुलेआम रूपमै भयो । लिग चलिरहँदा नेपालको सिबिआई, आइसिसी र राष्ट्रिय खेलकुद परिषद्ले नै कमिटी गठन गरी छानबिन नै गरे । फिक्सिङमा संलग्न व्यक्तिहरूमाथि मुद्दा चलिरहेको अवस्था छ ।

अर्कोतिर तत्कालीन कप्तान सन्दीप नाबालिका बलात्कारको गम्भीर आरोपमा परे । पाटनको उच्च अदालतको २० लाख धरौटीमा केही पछि सन्दीप थुनामुक्त भए । सर्वोच्च अदालतको आदेशले सन्दीपले विदेश खेल्न जान अनुमति पाए । उनको मुद्दा जिल्ला अदालतमा विचाराधीन छ ।



## फुटबलमा वर्षको अन्त्यसम्मै विवाद

गत वर्ष फुटबलले नयाँ नेतृत्व र प्रमुख प्रशिक्षक पायो । कर्माछिरिङ शेर्पा समूहलाई नराम्रोसँग परास्त गरी पंकजविक्रम नेम्वाङ चार वर्षका लागि अध्यक्ष भए । अध्यक्ष हुन गणेश थापाको शरण लिएका नेम्वाङले निर्वाचित भएपछि त्यसलाई सन्तुलित बनाउन सकेनन् । उनका हरेक निर्णय विवादास्पद बने । उनकै प्यानलबाट निर्वाचनमा जित हात पारेका लगभग एक दर्जन पदाधिकारीले विद्रोह गरिरहेका छन् । अध्यक्ष भएयता नेम्वाङले जति पनि निर्णय गरे, ती सबै विवादास्पद भएका छन् । असन्तुष्ट समूह ती निर्णयलाई वैधानिक मान्न तयार नै छैन । चैतको दोस्रो सातामा आयोजना भएको प्रधानमन्त्री श्री नेसन्स कप नेपालले हात पाऱ्यो ।

तर, फुटबल मैदानमा खेलाडीले सुन्दर प्रदर्शन गरे पनि मैदानबाहिर फोहोरी खेल भइरह्यो । एन्फाले वरीयतामा आफूभन्दा कमजोर राष्ट्रलाई सहभागी गराई उपाधि जितेको भन्ने मत राख्नेहरू असंख्य रूपमा हुलै देखिए । फेरि खासै अनुभव नभएको इटालियन नागरिक भिसेन्जो अल्बर्टोलाई मुख्य प्रशिक्षकको जिम्मेवारी दिँदा पनि नेम्वाङले विवादरहित बनाउन सकेनन् । अन्तिम १५ सर्ट लिस्टभन्दा १६औं व्यक्तिलाई एन्फाले मुख्य प्रशिक्षक बनाएको थियो ।

असन्तुष्ट पक्षले अध्यक्षको मनपरी र विधानविपरीत सर्घैभरि निर्णय र काम गरेको भनी कार्यसमितिको बैठक नै बहिष्कार गरिरह्यो । फुटबलको विकासको मुख्य आधार मानिने सहिद स्मारक 'ए' डिभिजन लिग मुख्य प्रायोजकविना नै सुरु भयो । तीनपटक मिति परिवर्तन भएको लिगले सम्भवतः पहिलोपटक मुख्य प्रायोजक नै पाएन । 'बी' डिभिजन लिग हुने या नहुने टुंगो छैन । राष्ट्रिय टोली र क्लब लेभेलका ४० माथि खेलाडी धमाधम अस्ट्रेलिया पलायन हुँदा 'ए' डिभिजन लिगमा सहभागी क्लबले चर्को मारको सामना गरे ।

एन्फाले वैज्ञानिक ढंगले वार्षिक क्यालेन्डर बनाउन नसक्दा मोसफल आयोजित गोल्डकप फुटबलमा खेलाडीले ब्रेक नै पाएनन् । सहिद स्मारक लिगको साबिक दुईपटकको विजेता मच्छिन्द्रले ७२ घन्टाको अवधिमा चार खेल खेल्यो । सहभागी खेलाडी र क्लबले जसरी पनि गोल्डकपमा सहभागी हुनुपर्ने बाध्यताका कारण आधा दिनजसो बसको यात्रा गरेर पनि प्रतिपस्पर्धा गरेको देखियो । मच्छिन्द्रले मोफसलमा दुई गोल्डकप जित्यो । मनाङ र त्रिभुवन आर्मीले पनि गोल्डकप ट्रफी उचाले ।

वर्षको सुरुमै तत्कालन प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले सोसल मिडियामा राजीनामा दिँदै हंगामा नै मच्चाए । तत्कालीन अध्यक्ष कर्मा छिरिङको भरपूर समर्थन पाएका अलमुताइरीले अनुशासनको कारबाही भनी सिनियर १० खेलाडीलाई कारबाही नै गरे । जसको विरोधमा ११ जना खेलाडीले विद्रोह गरी प्रशिक्षण नै बहिष्कार गरे । खेलाडीहरूको विद्रोह उत्कर्षमा पुग्दा एएफसी एसिया कप छनोटमा नराम्रो प्रभाव पऱ्यो ।

गत वर्ष लगभग अनेकौं विवादहरूको भुमरीमा फसेको एन्फालाई सर्वाधिक ठूलो चुनौती खेलाडी पलायन नै बन्यो । खेलाडीलाई घोषणा गरेको पुरस्कारसमेत एन्फाले प्रदान गर्न सकेन । पुरुष फुटबलमा सक्रियता देखाएको एन्फा महिलामा शून्य अवस्थामै रह्यो । आधा लिग सकेर एन्फाले विजयी टोली घोषणा गऱ्यो । नेपालमै आयोजना भएको महिला साफ च्याम्पियनसिपमा नेपाल फाइनलमा बंगलादेशसँग ३-१ ले पराजित भयो । २०२४ को पेरिस ओलम्पिक छनोटअन्तर्गत फुटबलमा नेपाली महिला टोली भियतनामसँग ५-१ र २-० ले पराजित भयो । यद्यपि, भारतसँगको दुवै महिला अन्तर्राष्ट्रिय खेलमा नेपालले बराबरी खेलेको थियो ।

## ब्याडमिन्टनमा प्रिन्स

कुनै समय यू-१९ को विश्वको शीर्षस्थानमा रहेका प्रिन्स दाहाल गत वर्ष सक्रिय मात्र भएनन्, उपाधि पनि भित्र्याए । इटहरीमा भएको प्रथम मुख्यमन्त्री कप राष्ट्रिय च्याकिङ खुला ब्याडमिन्टनमा प्रिन्सले उपाधि जिते । महिलातर्फ जेसिका गुरुङ च्याम्पियन भइन् । यसैगरी, दोस्रो प्रधामन्त्रीकप खुला वरीयतामा प्रिन्स नै पहिलो हुँदा रसिला महर्जनले महिलामा बाजी मारिन् । नेपाल पुलिसका प्रिन्सले १२औं पुष्पलाल स्मृति राष्ट्रिय वरीयता ब्याडमिन्टनमाथि कब्जा जमाए । महिलातर्फको उपाधि आर्मीकी अनुमाया राईले जितिन् ।

## बक्सिङमा सुष्माको सान

गत वर्ष नेपालको बक्सिङले अन्तर्राष्ट्रिय क्षेत्रमा एक इतिहास बनायो । थाइल्यान्डको बैंककमा भएको एएसबिसी यू-२२ बक्सिङ च्याम्पियनसिपमा नेपालकी सुष्मा तामाङले ऐतिहासिक रूपमा रजत पदक जितिन् । महिलातर्फको ४८ केजी तौल समूहको फाइनलमा सुष्मा उज्बेकिस्तानकी फोजिलोभा फार्जोनासँग ५-० ले पराजित भइन् । यद्यपि, उनले आफ्नो नाममा दुर्लभ रेकर्ड राखिन् । बक्सिङको इतिहासमा अहिलेसम्म एसियनस्तरको प्रतिस्पर्धामा रजत पदक जित्ने र फाइनल स्थान पक्का गर्ने उनी पहिलो खेलाडी भइन् । यसअघि नेपाली खेलाडीहरूको उच्चतम सफलता नै एसियन लेभलमा कांस्य पदक जितु नै थियो ।

## म्याराथन

गत वर्ष एथ्लेटिक्समा नियमितजसो राष्ट्रिय प्रतियोगिता भए । साथसाथै नेपाली खेलाडीले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सहभागिता जनाए । बंगलादेशको बंगबन्धु सेख मुजिब ढाका म्याराथानमा पुष्पाले स्वर्ण पदक जितिन् । आठौं प्रधानसेनापति खुला म्याराथनको उपाधि आर्मीका राजन रोकायले हात पारे । महिला हाफ म्याराथनमा पुलिसकी राजपुरा प्रछाई पहिलो भइन् । नेपालमै आयोजना भएको कन्ट्री च्याम्पियनसिपमा घरेलु खेलाडी दीपक अधिकारले ऐतिहासिक स्वर्ण जिते । दसौं हाफ म्याराथनमा पुरुषतर्फ गोपीचन्द्र पार्की र महिलातर्फ राजपुरा पछाई पहिलो भए । यसैगरी, ४४औं राष्ट्रिय एथ्लेटिक्स प्रतियोगितामा आर्मी टिम च्याम्पियन भयो ।

## भलिबल

गत वर्ष नै भलिबलमा नयाँ नेतृत्व पायो । जितेन्द्र चन्द आगामी चार वर्षका लागि नेतृत्वमा आए । वर्षभरि व्यस्त हुने खेलमा भलिबल पनि पऱ्यो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना भएका थिए । नेपालको यू-२३ टोलीले काभा च्याम्पियनसिप खेल्यो । महिला तथा पुरुष टोली काभाबीच भलिबल प्रतियोगितामा रजत पदक जित्न सफल भए । एनभिए महिला तथा पुरुष लिगको उपाधि न्यु डायमन्ड र आर्मीले जिते । तेम्रो टाइगरकप अन्तर्राष्ट्रिय महिला तथा पुरुष भलिबलको पुरुषतर्फको उपाधि गण्डकीले जित्यो । न्यु डाइमन्डले छैटौं केएनपी नेरोलेक राष्ट्रिय महिला भलिबलको उपाधि हात पाऱ्यो । पुलिसले बागमती प्रदेश न्यु डाइमन्ड कप खुला महिला राष्ट्रिय भलिबलको ट्रफी उचाल्यो ।

## अन्य

नेपाल कराँते महासंघमा लामो समयदेखि चलिरहेको विवाद समाप्त भयो । राष्ट्रिय खेलकुद परिषद्का पूर्वसदस्यसचिव युवराज लामालाई साधारणसभाले अध्यक्षमा निर्विरोध चयन गऱ्यो । सूर्य नेपाल गल्फ टु वर्षभरि नै जारी भयो । यसमा अप्रत्याशित नतिजाहरू आए । चैतको अन्तिमतिर भएको गल्फमा सद्भाव आचार्यले कम उमेरमै उपाधि हात पारेको रेकर्ड राखे । यसैगरी, वीर गणेश फाउन्डेसनको आयोजनामा एथ्लेटिक्स तथा बक्सिङ प्रतियोगिता भए ।

## दुई विभागीय क्लबबीच उपाधि भिडन्त

**काठमाडौं**/ विभागीय टोली नेपाल एपिएफ र नेपाल प्रहरी क्लब प्रथम पोस्टबहादुर बोगटी स्मृति कप राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा शुक्रबार फाइनलमा प्रवेश गरेका छन् । राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा शुक्रबार भएको प्रतिस्पर्धात्मक पहिलो सेमिफाइनलमा दुई सेटले पछि परेको स्थितिलाई उल्ट्याउँदै एपिएफ फाइनलमा पुगेको हो । एपिएफले अर्को विभागीय टोली नेपाल आर्मीलाई ३-२ ले पराजित गऱ्यो । लगातार दुई सेट आफ्नो पक्षमा पारेको आर्मीले २५-२३ र २५-१२ को प्रदर्शन गऱ्यो । एपिएफले तेस्रो सेट २५-२२ र चौथो सेट २५-२३ ले जित्दै सेमिफाइनललाई २-२ को बराबरीमा पुऱ्याएको थियो ।



पाँचौं तथा निर्णायक सेट १५-१० ले कब्जा गर्दै एपिएफले अन्तिम दुई स्थान सुनिश्चित गऱ्यो । पोस्टबहादुर बोगटी स्मृति प्रतिष्ठानद्वारा आयोजित प्रतियोगिताको दोस्रो सेमिफाइनलमा प्रहरीले गण्डकीलाई २५-२२, २५-२० र २५-२१ ले हराउँदै एपिएफसँगको उपाधि भिडन्त पक्का गऱ्यो । फाइनल शनिबार हुनेछ । विजेताले चार लाख, उपविजेताले दुई लाख र तेस्रो हुने टोलीले एक लाख रुपैयाँ पाउने आयोजकले जनाएको छ । प्रतियोगितामा चौथो हुने टोलीले ५० हजार रुपैयाँ पाउनेछ । विधागत उत्कृष्ट खेलाडी र प्रशिक्षकले जनही १० हजार रुपैयाँ हात पार्नेछन् ।

## मेसी आगामी सिजन बार्सिलोना फर्कन सक्ने

**म्याड्रिड**/ अर्जेन्टिनी कप्तान लियोनल मेसी पेरिस सेन्ट जर्मेन (पिएसजी)मा रमाइरहेका छन् । पहिलोभन्दा दोस्रो सिजनमा मेसीको प्रदर्शन उत्कृष्ट छ । विश्व च्याम्पियन खेलाडी मेसीको यसै जुन महिनामा पिएसजीसँगको सम्झौता सकिँदै छ । मेसीका एजेन्सीले पिएसजीसँग सम्झौता नवीकरण सम्बन्धमा वार्ता अगाडि बढाएको छ । सम्झौता नवीकरण नहुँदा मेसी फ्री ट्रान्सफर माध्यमबाट कुनै पनि क्लबमा आबद्ध हुन सक्छन् । यस्तोमा मेसीलाई बार्सिलोनाले पुनः भित्र्याउने प्रयास गर्नेछ ।

बार्सिलोनाका स्ट्राइकर रोबर्ट लेवान्डोस्कीले मेसी अर्को सिजनमा स्पेनिस क्लबमा आबद्ध हुन सक्ने जनाएका छन् । 'मेसीको अन्तिम विकल्प नै बार्सिलोना हो, यदि उनले चासो देखाए स्पेनिस क्लबमा तत्काले अनुबन्धित हुन सक्छन्,' लेवान्डोस्कीले भने, 'त्यसपछि बार्सिलोनाको संरचना कस्तो हुन्छ, भन्न सकिँदैन ।'

लेवान्डोस्कीले मेसीसँगै बार्सिलोनाबाट खेल्ने चाहना भएको जनाएका छन् । 'मेरो भित्री इच्छा भनेको मेसीसँगै बार्सिलोनाबाट प्रतिस्पर्धा गर्नु हो,' आफ्नो इच्छा जनाउँदै लेवान्डोस्कीले भने, 'त्यो सम्भावना नभएको भन्न सकिँदैन, अहिले पनि उनका लागि बाटो खुला छ ।'

बार्सिलोनाको खेल इतिहासमा मेसी सर्वकालीन गोलकर्ता हुन् । बार्सिलोनामा मेसीको १० नम्बरको जर्सी सुरक्षित रहेको लेवान्डोस्कीको भनाइ छ । 'तपाईंहरूलाई विश्वास लाग्दैन, बार्सिलोनाले मेसीको १० नम्बर जर्सी अझै सुरक्षित राखेको छ,' उनले भने ।



## खेल संक्षेप

### माउन्टेन बाइक रेस हुने



**काठमाडौं**/ रत्नाङे इन्डुरो माउन्टेन बाइक रेस प्रतियोगिता २१-२४ वैशाखमा आयोजना हुने भएको छ । सोलुखुम्बुको तीन हजार तीन सय ५० मिटरको उचाइमा अवस्थित रत्नाङेमा हुने प्रतियोगिता हुनेछ । प्रतियोगिताको महिला र पुरुषबीचको इलिट खेल हुनेछ । यसैगरी, सिनियरमा ४० वर्षमाथि र जुनियरमा १८ वर्षमुनिको इभेन्ट्ससमेत रहेको आयोजकले जनाएको छ । प्रतियोगितामा देशी र विदेशी माउन्टेन बाइकका खेलाडी सहभागी हुनेछन् । प्रतियोगिताको आयोजनाबाट सोलुखुम्बुको पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास आयोजकले लिएको छ । रत्नाङे इन्डुरोमा विश्वभरबाट ठूलो संख्यामा माउन्टेन बाइकिङप्रेमीलाई आकर्षित गर्ने अपेक्षा छ ।

## नेपाल पुलिसको लगातार दोस्रो जित

**नयाँ पत्रिका**
**काठमाडौं, १ वैशाख**

एनबिएससी विराटनगर र नेपाल पुलिस क्लबले शुक्रबार प्रथम ऋचा स्मृति टी-२० क्रिकेट प्रतियोगितामा लगातार दोस्रो जित निकालेका छन् । एनबिएससीले दिल्ली युनाइटेडलाई ३२ रनले हरायो । नेपाल पुलिसले सुदूरपश्चिमको एनबी ग्रुपमाथि ६ विकेटको जित हात पाऱ्यो । दिल्ली र सुदूरपश्चिमले लगातार दोस्रो खेलमा हार सामना गरेका छन् । फाइनल यात्राका लागि शनिबार नेपाल पुलिस र एनबिएससीबीच प्रतिस्पर्धा हुनेछ । समूह 'ख'बाट पुलिस र एनबिएससीबीचको विजेताले समूह 'क'बाट फाइनलमा पुगेको नेपाल आर्मीसँग उपाधिका लागि भिड्नेछ ।

विराटनगर जुट मिलको खेलमैदानमा शुक्रबार भएको पहिलो खेलमा एक सय ३० रन पछ्याएको दिल्ली १७.२ ओभरमा ९७ रनमा अलआउट भयो । दिल्लीका लागि मनीष मिश्रले १७ बलमा १७ रन बनाए । शक्ति केडीले १५ बलमा १४ रनको योगदान दिए । एनबिएससीका मेहाडको घातक बलिङसामु दिल्लीका खेलाडी क्रिजमा टिक्न सकेनन् ।

मेहाडले चार ओभरमा १५ रन खर्चेर चार विकेट लिए । उनी प्लेयर अफ द म्याच भए । आयरले ३.२ ओभरमा १७ रन खर्चेर तीन विकेट लिए । यसअघि ब्याटिङ गरेको एनबिएससीले १६.३ ओभरमा सबै विकेट गुमाई एक २९ रनको मध्यम योगफल खडा गरेको थियो । एनबिएससीका रवि शर्माले २३ बलमा पाँच चौकाको सहयोगमा २५ रनको योगदान दिए । विधान गोस्वामीले सात बलमा समान दुई चौका र छक्का प्रहार गर्दै २० रन जोडे । दिल्लीका लक्की हितेसले ३.३ ओभरमा १२ रन खर्चेर चार विकेट लिए । प्रदीप कुमारले चार ओभरमा २५ रन खर्चेर तीन विकेट लिए ।




### पुलिस चार विकेटले विजयी

दोस्रो खेलमा नेपाल पुलिसले १६ ओभरमा चार विकेट गुमाएर एक सय ३० रनको लक्ष्य पूरा गऱ्यो । पुलिसको जितमा दिलीप नाथले विस्फोटक ब्याटिङ गरे । उनले ३६ बलमा आठ छक्का, दुई चौका प्रहार गर्दै ७५ रनको अर्धशतकीय इनिङ्स खेले ।

योगेन्द्र कार्कीले २६ बलमा तीन छक्का र चार चौका प्रहार गर्दै ४८ रनको योगदान दिए । शंकर रानाले १८ बलमा समान तीन छक्का र तीन चौकाको सहयोगमा ३५ रन बनाए । बलिङमा सुदूरपश्चिमका हेमन्त धामीले तीन ओभरमा ३५ रन खर्चेर दुई विकेट लिए ।

यसअघि ब्याटिङ गरेको सुदूरपश्चिमले निर्धारित २० ओभरमा सात विकेट गुमाई एक सय २९ रनको योगफल बनायो । दीपक बोहरालले ३८ बलमा ६५ रनको अर्धशतकीय इनिङ्स खेले । उनले दुई छक्का र नौ चौका प्रहार गरे । उत्तम थापा मगरले ३१ बलमा ५१ रनको अर्धशतकीय इनिङ्स खेल्दा तीन छक्का र पाँच चौका हिर्काए । बलिङमा पुलिसका योगेन्द्र सिंह कार्कीले ४४ रन खर्चेर तीन विकेट लिए । रसिद खानले चार ओरभरमा ३१ रन खर्चेर दुई विकेट लिए ।

## उपाधिमाथि फिक्कलको कब्जा

**नयाँ पत्रिका**
**इलाम, १ वैशाख**

तेम्रो सन्दकपुर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि फिक्कल युनाइटेड क्लबले जितेको छ । सातखाल्डे खेलमैदानमा शुक्रबार भएको फाइनलमा बुट्टाबारी युनाइटेडलाई ३-२ ले हराउँदै फिक्कलले उपाधि हात पारेको हो । खेलको १२औं मिनेटमा नयन प्रधानले फिक्कललाई १-० को अग्रता दिलाएका थिए । खेलको २३औं मिनेटमा सौरभ कार्कीले हेडिङ गोल गरी फिक्कलको अग्रता २-० ले पक्का पारे ।

खेलको ५२औं मिनेटमा बुट्टाबारीका कप्तान रोमन खवासले पेनाल्टीमा गोल गर्दै २-१ को गोलअन्तरमा झारे । खेलको ५८औं मिनेटमा शेखर राईले फिक्कललाई ३-१ को बलियो स्थितिमा राखे । खेलको ६६औं मिनेटमा रोमनले पेनाल्टीमा गोल गर्दै बुट्टाबारीलाई ३-२ को अवस्थामा पुऱ्याए । यद्यपि, रोमनको गोल बुट्टाबारीलाई फाइनलमा टिकाइराख्न पर्याप्त भएन । प्रतियोगिताको सर्वाधिक गोलकर्ता फिक्कलका शेखर राई घोषित भए । उत्कृष्ट डिफेन्डर आयुष क्षेत्री र उत्कृष्ट गोलरक्षक सर्जन लिम्बू घोषित भए । उनीहरूले जनही चार हजार रुपैयाँ प्राप्त गरे । प्रतियोगिताको उदीयमान खेलाडी देउराली स्पोर्टिङ क्लबका निशान राई घोषित भए ।

## आयोजक नै च्याम्पियन

**काठमाडौं**/ आयोजक दिलीप स्मृति प्रतिष्ठानले दोस्रो बागमती प्रदेशस्तरीय तथा छैटौं दिलीप स्मृति तेक्वान्दो प्रतियोगिताको उपाधि जितेको छ । बिहीबार प्रतिष्ठानले ९ स्वर्ण, ४ रजत र ४ कांस्य पदकसहित समग्रमा टिम च्याम्पियन बन्दै १५ हजार नगद पुरस्कार प्राप्त गऱ्यो । ६ स्वर्ण, ४ रजत र २ कांस्यसाथ लैनचौर दोस्रो भयो । तेस्रो स्थानको ढल्कुले ५ स्वर्ण, २ रजत र ३ कांस्य हात पाऱ्यो । लैनचौरले १० हजार तथा ढल्कुले ५ हजार नगद पुरस्कार पाए । सिनियर पुरुषमा चुनदेवीका सुशील थापामगर तथा महिलामा ढल्कुकी पासाङ तामाङ उत्कृष्ट खेलाडी घोषित भए । जुनियर पुरुषमा युन्सुबका सुजन ग्लान तथा महिलामा आयोजककी कृपा गौतम उत्कृष्ट खेलाडी चुनिए । यसैबीच, तेक्वान्दो खेलाडीहरू शिव श्रेष्ठ, खगेन्द्रप्रसाद पाण्डे, मनीषा मगर, कैलाश थापा, रोजिना तामाङ, निरजज्यू ठकुरी, कृपा गौतम, रोनिशा गौतम, रिवाज धमला, स्वेच्छा कार्की, सन्तोष भण्डारी, सिसम श्रेष्ठलगायत सम्मानित भए ।

## डुंगा दौडमा तालपारी प्रथम

**कास्की**/ पोखरामा भएको १८औं फेवा नववर्ष महोत्सवअन्तर्गत डुंगा दौडमा तालपारी समूह पहिलो भएको छ । प्रतियोगिता बाराही घाट 'ए' दोस्रो र बाराही घाट 'डी' तेस्रो भएका छन् । गौरीघाट 'बी' समूहले चौथो स्थान हात प्राप्त गऱ्यो । प्रतियोगितामा कुल आठ समूहले भाग लिएका छन् । प्रतियोगितामा पहिलोले १५ हजार रुपैयाँ, दोस्रोले १० हजार रुपैयाँ र तेस्रोले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com